# गण्डकी प्रदेशबाट विदेशमा निर्यात गर्ने सम्भावना रहेका वस्तु तथा उत्पादनहरुको इन्भेन्ट्री सम्वन्धी अध्ययन

**अन्तिम प्रतिवेदन**

**(Final Report)**


प्रदेश सरकार

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**गण्डकी प्रदेश पोखरा**

पेश गर्ने संस्था

**Centre for Policy Studies and Rural Development**

**Kalimati, Kathmandu**



२०७७

# सधन्यवाद

गण्डकी प्रदेशबाट विदेशमा निर्यात गर्ने सम्भावना रहेका वस्तु तथा उत्पादनहरुको इन्भेन्ट्री तयारी सम्वन्धी अध्ययनको जिम्मेवारी दिनु भएकोमा सर्वप्रथमः गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा. महेश्वर ढकाल ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

मस्यौदा प्रतिवेदनमा अमुल्य सुझावहरु उपलब्ध गराउने सचिव डा. ढकाल लगायत विज्ञान तथा प्रविधि प्रतिष्ठान गण्डकी प्रदेशका कार्यकारी निर्देशक श्री ढाकाराम भण्डारी, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमूखहरु श्री घनेन्द्र बहादुर खनाल, श्री उमा गौतम कोइराला, श्री रामकाजी श्रेष्ठ तथा अधिकृत श्री नारायण प्रसाद वास्तोला प्रति पनि आभारी छौँ । साथै अध्ययनको प्रारम्भिक चरणबाट नै प्रशासनिक सहयोग तथा अन्य सुझावहरु उपलब्ध गराउनु हुने मन्त्रालयका उपसचिव श्री दिनेशप्रकाश आचार्य तथा अधिकृत श्री बिमल प्रसाद गौतम प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौँ ।

र अन्त्यमा, अध्ययनको क्रममा सूचना तथा तथ्यांकहरु उपलब्ध गराउने उद्योगी, व्यवसायी तथा विज्ञहरु प्रति पनि आभार व्यक्त गर्दछु ।

हरिशंकर भट्टराई
महासचिव तथा अध्ययन टोली नेता
Centre for Policy Studies and Rural Development, Kathmandu

# विषयसूची


| विषय | पेज नं. |
|---|---|
| अध्याय एकः परिचय | १-४ |
| १.१ गण्डकी प्रदेशको सामान्य परिचय | १ |
| १.२ प्रदेशको जनसांख्यिक विवरण | २ |
| १.३ गण्डकी प्रदेशको आर्थिक परिदृश्य | २ |
| १.४ अध्ययनको औचित्य | ३ |
| १.५ अध्ययनको उद्देश्य | ३ |
| १.६ अध्ययन विधि | ४ |
| १.७ अध्ययनको सीमितता | ४ |
| अध्याय दुईः समग्र नेपाल तथा गण्डकी प्रदेशको अर्थतन्त्र | ५-९ |
| २.१ नेपाली अर्थतन्त्रको वर्तमान अवस्था | ५ |
| २.२ व्यापार तथा वाणिज्य | ५ |
| २.३ व्यापार सुधारका संस्थागत तथा नीतिगत व्यवस्था | ७ |
| अध्ययाय तीनः गण्डकी प्रदेशमा विविध बाली उत्पादनको स्थिति | १०-१४ |
| ३.१ खाध्य बाली | १० |
| ३.२ नगदे बाली | ११ |
| ३.३ दलहन बाली | ११ |
| ३.४ तरकारी | १२ |
| ३.५ तेलहन बाली | १२ |
| ३.६ फलफूल | १२ |
| ३.७ मसला बाली | १३ |
| ३.८ दुध | १३ |
| ३.९ हाँस तथा कुखुराका अण्डा | १३ |
| ३.१० ऊन | १३ |
| ३.११ माछापालन | १४ |
| ३.१२ कफी | १४ |
| अध्याय चारः गण्डकी प्रदेशमा औद्योगिकरणको अवस्था | १५-१६ |
| ४.१ समग्र औद्योगिक अवस्था | १५ |
| ४.२ खनिज तथा खानीजन्य उत्पादन | १६ |
| अध्याय पाँचः गण्डकी प्रदेशमा पाइने औषधीजन्य वनस्पति | १७-१८ |

| | |
|---|---|
| अध्याय छ : निर्यात भैरहेका तथा हुने सम्भावना भएका उत्पादनहरु | १९-३० |
| ६.१ हस्तकलाका सामानहरु | १९ |
| ६.२ औद्योगिक खाद्य उत्पादनहरु | १९ |
| ६.३ कफी | २० |
| ६.४ अलैँची | २१ |
| ६.५ अदुवा | २२ |
| ६.६ ऊन तथा पशिमनाका सामानहरु | २४ |
| ६.७ जडिबुटीहरु | २५ |
| ६.८ स्याउ | २६ |
| ६.९ सुन्तला तथा मौसम | २७ |
| ६.१० मह | २८ |
| ६.११ चिया | २९ |
| अध्याय सातः निष्कर्ष तथा सुझाव | ३१-३५ |
| ७.१ निश्कर्ष | ३१ |
| ७.१.१ अन्तर प्रदेश व्यापार सम्भावना | ३१ |
| ७.१.२ उच्च निर्यात सम्भावना भएका वस्तुहरु | ३३ |
| ७.३ सुझाव | ३४ |
| सन्दर्भ सामाग्री | ३६ |
| अनुसूचीहरु | ३७-५९ |

# अध्याय एक
# परिचय

## १.१ गण्डकी प्रदेशको सामान्य परिचय

नेपालको मध्य भागमा अवस्थित हिमालदेखि तराईसम्म फैलिएको संघीय नेपालको गण्डकी प्रदेश २७ डिग्री २६ मिनेट १५ सेकेण्ड उत्तरी अक्षांशदेखि २९ डिग्री १९ मिनेट ५० सेकेण्ड उत्तरी अक्षांशसम्म र ८२ डिग्री ५२ मिनेट ४५ सेकेण्ड पूर्वी देशान्तरदेखि ८५ डिग्री १२ मिनेट ५ सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। प्राकृतिक रुपमा ठूलो बिषमता रहेको यस प्रदेशमा हिमाल, पहाड तथा तराई तीनवटै भौगोलिक विविधता रहेको छ। यस प्रदेशको क्षेत्रफल २१ हजार ७७६.३४ वर्गकिलोमिटर रहेको छ। प्रदेशको कुल क्षेत्रफल मध्ये हिमाली भूभाग २६.८ प्रतिशत (५८१९ वर्ग किमि), पहाडी भूभाग ६७.२ प्रतिशत (१४६०४ वर्ग किलोमिटर) र तराई भूभागले ६ प्रतिशत (१३१० वर्ग किलोमिटर) ओगटेको छ। भारतको सिमाना नजिक नारायणी नदीको गण्डक नहर नजिकको सबभन्दा होचो भाग समुद्रसतह देखि ९३ मिटरको उचाईमा रहेको छ। यो उचाइ क्रमशः बढ्दै गएर धौलागिरी हिमाल ८,१६७ मिटर, मनास्लु ८,१६३ मिटर र अन्नपूर्ण प्रथम ८,०९१ मिटर अग्ला चुलीहरु रहेको विशाल हिमश्रृङ्खला बनेको छ। जसको उचाई भिन्नता करिब १५० किलोमिटरको चौडाईमा ८,१०० मिटरसम्म छ।

उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत, दक्षिणमा सुस्ताको साँघुरो भागले छोएको भारतको उत्तर प्रदेश, पूर्वमा बाग्मती प्रदेश तथा पश्चिममा कर्णाली र लुम्बिनी प्रदेशले घेरिएको यो प्रदेश अन्तर्गत साबिकका धौलागिरी अञ्चलका चार जिल्लाहरु म्याग्दी, मुस्ताङ, पर्वत र बागलुङ, गण्डकी अञ्चलका ६ जिल्लाहरु गोरखा, लमजुङ, मनाङ, स्याङ्जा, कास्की र तनहुँ साथै लुम्बिनी अञ्चलको नवलपरासीको दाउन्ने पहाड हुँदै बर्दघाट सुस्तादेखि पूर्व नारायणी नदीसम्मका साविकका ४७ गाविस समेतलाई समेटेर बनाइएको नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्ला गरि ११ जिल्ला पर्दछन् । त्यस्तै यस प्रदेशमा एक महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह र ७५७ वडाहरु रहेका छन् ।

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि १८ निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्य निर्वाचनका लागि ३६ निर्वाचन क्षेत्र रहेको गण्डकी प्रदेशमा प्रदेश सभामा समानुपातिक सहित कुल ६० सदस्य रहने संवैधानिक प्रावधान छ।

## १.२ प्रदेशको जनसांख्यिक विवरण

वि.सं. २०६८ सालको जनगणना अनुसार गण्डकी प्रदेशको कुल जनसंख्या २४,०३,७५७ रहेकोमा महिला जनसंख्या १३,१२,९४९ र पुरुष जनसंख्या १०,९०,८०८ रहेको छ। नेपालको राष्ट्रिय जनगणना २०६८ लाई आधार मानी गरिएको प्रक्षेपण अनुसार हाल गण्डकी प्रदेशको कुल जनसंख्या २६२०१५२ हुन आउँछ। देशको कुल जनसंख्याको ९.१ प्रतिशत जनसंख्या रहेको यस प्रदेशको घरधुरी संख्या ५,७८,२१९ र औसत परिवार सदस्य चार रहेको छ। जिल्लागत हिसाबले सबैभन्दा बढी जनसंख्या कास्की जिल्लामा छ भने सबैभन्दा कम जनसंख्या मनाङमा रहेको छ। प्रदेशको जनघनत्व ११२ प्रति वर्ग कि.मि. रहेको छ (अर्थमन्त्रालय, २०७६)।

जातजातिगत हिसाबले यस प्रदेशमा भिन्न भिन्न ९३ प्रकारका जातजाती पाइन्छन्। जिल्लागत हिसाबले तुलना गर्दा सबैभन्दा बढी कास्की जिल्लामा ८८ प्रकारका जातजातिको बसोबास रहेको देखिन्छ भने सबैभन्दा कम मनाङ जिल्लामा १८ किसिमका जातजातिको बसोबास रहेको छ। पहाडी बाहुन, मगर, क्षेत्री, गुरुङ र विश्वकर्मा यस प्रदेशका प्रमुख ५ जातिहरु हुन् जसको उपस्थिति क्रमशः २१.५ प्रतिशत, १८.९ प्रतिशत, १३.४ प्रतिशत, ११.४ प्रतिशत र ८.७ प्रतिशत रहेको देखिन्छ। यस बाहेक अन्य जातिहरुमा नेवार ४.३ प्रतिशत, मिजार ४.१ प्रतिशत, परियार ३.९ प्रतिशत, तामाङ २.१ प्रतिशत, थारु १.७ प्रतिशत, ठकुरी १.६ प्रतिशत, कुमाल १.५ प्रतिशत र घर्ती/भुजेल १.३ प्रतिशत रहेका छन् भने अन्य जातिहरुको संख्या १ प्रतिशत भन्दा तल रहेको छ (केन्द्रीय तथ्यांक विभागक, २०६८)।

मातृभाषाको हिसाबले हेर्दा गण्डकी प्रदेशमा विभिन्न ५० किसिमका मातृभाषा बोलिन्छन्। प्रदेशको ७३.५ प्रतिशत जनसंख्या नेपाली भाषालाई आफ्नो मातृभाषा भन्दछन् भने अन्य मातृभाषाहरुमा मगर ९.९ प्रतिशत, गुरुङ ८.८ प्रतिशत, नेवार १.७ प्रतिशत, थारु १.५ प्रतिशत र तामाङ १.५ प्रतिशत रहेका छन्। बाँकी अरु सबै गरेर ३.१ प्रतिशत मात्र विभिन्न मातृभाषा बोल्ने जनसंख्या रहेको देखिन्छ (केन्द्रीय तथ्यांक विभागक, २०६८)।

## १.३ गण्डकी प्रदेशको आर्थिक परिदृश्य

केन्द्रीय तथ्यांक विभागको तथ्यांक अनुसार आर्थिक वर्ष २०७६/७७ मा गण्डकी प्रदेशको कुल गार्हस्थ उत्पादन रु १३ खर्ब ३५ अर्व रहने अनुमान गरिएको छ भने आर्थिक वर्ष २०७५/७६ को कुल गार्हस्थ उत्पादनको संसोधित अनुमान रु. १२ खर्ब ५७ अर्ब रहेको छ। देशको कुल गार्हस्थ उत्पादनमा गण्डकी प्रदेशको योगदान ९.४ प्रतिशत रहेको छ (अर्थमन्त्रालय, २०७६)। देशको कुल गार्हस्थ उत्पादनमा अन्य प्रदेशहरुको योगदान क्रमशः बाग्मती प्रदेश- ३५.८४ प्रतिशत, प्रदेश एक-१५.८२ प्रतिशत, लुम्बिनी प्रदेश- १४.१८ प्रतिशत, प्रदेश दुई- १३.७८ प्रतिशत, सुदुरपश्चिम प्रदेश- ७.२१ प्रतिशत र कर्णाली प्रदेश- ४.२७ प्रतिशत रहेको छ। कुल गार्हस्थ उत्पादनमा योगदानको दृष्टिबाट हेर्दा गण्डकी प्रदेश प्रदेशहरुमध्ये पाचौँस्थानमा

रहेको देखिन्छ। प्रदेशको औद्योगिक वर्गिकरण अनुसार कृषि तथा वन क्षेत्रको हिस्सा २९.९१ प्रतिशत तथा गैह्रकृषि क्षेत्रको हिस्सा ७०.९ प्रतिशत रहेको देखिन्छ। त्यसमध्ये सेवा व्यापारको हिस्सा ५० प्रतिशतभन्दा बढी र म्यानुफ्याक्चरिङ तथा खनिजको क्रमशः ३.२१ र ०.८ प्रतिशत हिस्सा रहेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ सम्म गण्डकी प्रदेशमा कुल ४८१.२ मेगावट विद्युत उत्पादन भएको छ।

आर्थिक सर्वेक्षण २०७५/७६ का अनुसार देशभरमा निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसंख्या १८.७ प्रतिशत रहेकामा गण्डकी प्रदेशमा यो १५.५ प्रतिशत रहेको छ। त्यस्तै नेपालको बहुआयामिक गरिबी दर २८.६ प्रतिशत रहेकोमा यस प्रदेशको बहुआयामिक गरिबी दर १४.२ प्रतिशत रहेको छ। आर्थिक असमानता गणना गर्ने गिनी कोफिसियन्ट गण्डकी प्रदेशको हकमा ०.३७ रहेको छ जुन नेपालको औसत भने ०.३१ रहेको छ। यस प्रदेशको बेरोजगारी दर भने ९ प्रतिशत रहेको छ। यस प्रदेशको प्रतिव्यक्ति सरदर आय १,०४३ अमेरिकी डलर रहेको छ। गण्डकी प्रदेशले नेपालको कुल गार्हस्थ्य उत्पादन मध्ये कृषि क्षेत्रमा ११.८ प्रतिशत, उद्योग क्षेत्रमा १०.६ प्रतिशत र सेवा क्षेत्रमा ९.४ प्रतिशत योगदान गरेको छ। आर्थिक वर्ष २०७४/७५ मा प्रदेशले एक खर्ब सात अर्ब विप्रेषण प्राप्त गरेको थियो जुन प्रदेशको कुल गार्हस्थ्य उत्पादनको करिब ३७ प्रतिशत हो। प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूका ६०० भन्दा बढी शाखाहरू सञ्चालनमा रहेका छन्।

## १.४ अध्ययनको औचित्य

नेपाल संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमा छ। प्रदेशहरु प्रादेशिक राज्य सञ्चालनका सुरुवाती अवस्थामा छन्। यस चरणको पहिलो आवश्यकता भनेको प्रदेशका सामर्थ्य, समृद्धिका आधारहरुको पहिचान गरी अन्य सम्भावनाहरुको खोजी गर्नु नै हो। गण्डकी प्रदेशको सन्दर्भमा पनि प्रदेशभित्रका सामर्थ्य र सम्भावनाहरुको पहिचान पूर्वशर्त हो।

प्रदेशभित्र उत्पादन हुँदै आएका वा उत्पादन सम्भावना भएका र विदेशमा निर्यात सम्भावना रहेका कृषिवस्तु, खानीबाट उत्पादन हुन सक्ने वस्तु तथा परम्परागत ज्ञान र प्रविधिबाट उत्पादन हुनसक्ने वस्तुहरुको पहिचान गरी प्रदेशगत वैदेशिक व्यापारमा लाभ हुने वस्तु तथा उत्पादनहरुको पहिचान, तिनको परिमाणात्मक (Quantitative) अनुमान तथा मूल्य (Value) तय गर्नु आवश्यक देखिएकाले गण्डकी प्रदेशबाट विदेशमा निर्यात गर्ने सम्भवना रहेका वस्तु तथा उत्पादनहरुको इन्भेन्ट्री तयार गर्ने उद्देश्य पूरा गर्न यस अध्ययनको आवश्यकता देखिएको छ।

## १.५ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमूख उद्देश्य गण्डकी प्रदेशअन्तर्गतका विभिन्न स्थानहरुमा उत्पादन हुँदै आएका तथा उत्पादन सम्भावना भएका वस्तु तथा उत्पादनहरुको इन्भेन्ट्री तयार गर्नु रहेको छ। यसै प्रमूख उद्देश्य प्राप्त गर्न देहायवमोजिमका उद्देश्यहरु राखिएका छन्।

१. प्रदेशस्तरमा उत्पादन हुँदै आएका र विगतमा विदेश निकासी हुँदै आएका वस्तु तथा उत्पादनहरुको परिमाणको तथ्यांक संकलन तथा विश्लेषण गर्ने ।
२. प्रदेशस्तरमा उत्पादन हुने र निकासी हुने सम्भावना भएका तर यसका लागि प्राथमिकतामा पर्न नसकेका वस्तु तथा उत्पादनहरुको पहिचान गर्ने ।
३. प्रदेशस्तरमा उत्पादन तथा निकासी सम्भावना भएका वस्तु तथा उत्पादनहरुको पहिचान गरी अन्तरप्रदेश व्यापार तथा बाह्य मुलुकमा निकासीको लागि नीति तयार गर्ने आधार बनाउने ।
४. भविश्यमा गरिने यस सम्वन्धी अध्ययन अनुसन्धानका लागि आधार तयार गर्ने ।

## १.६ अध्ययन विधिः

यस अध्ययन मूलत गुणात्मक (Qualitative) तथा परिमाणात्मक (Quantitative) दुवै गरी मिश्रित विधिमा आधारित हुनेछ। अध्ययनको लागि आवश्यक तथ्यांकहरु द्वितिय तथा प्राथमिक श्रोतहरुबाट संकलन गरिनेछ । द्वितिय श्रोत अन्तर्गत उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशका प्रकाशनहरु, नेपालको पन्ध्रौं पञ्चवर्षीय योजना, वाणिज्य नीति, विविध वर्षका आर्थिक सर्वेक्षणहरु, व्यापार प्रवर्द्धन बोर्डका प्रकाशनहरु लगायत अन्य प्रकाशित तथा अप्रकाशित श्रोतहरुका तथ्यांक तथा सूचनाहरुको उपयोग गरिनेछ। प्राथमिक श्रोत अन्तर्गत कार्यक्षेत्रमा स्थलगत सर्वेक्षण गरी वा अन्य माध्यमसहितबाट जिल्लास्थित उद्योग वाणिज्य महासंघका प्रतिनिधिहरु तथा सम्वन्धित क्षेत्रका विज्ञहरुसँग छलफल गरी उनीहरुका राय तथा सुझावहरु लिइनेछ।

## १.७ अध्ययनको सीमितता

नेपालको प्रादेशिक संरचनाको स्थापना हालैका वर्षहरुमा मात्र भएकाले आवश्यक तथ्यांकहरुको प्रविष्टिकरण पूर्णरुपमा हुन सकेको छैन् । केही वर्ष अघिसम्म देशमा केन्द्रीकृत राज्य व्यवस्था रहेकाले देशका समग्र आर्थिक सूचांक तथा तथ्यांकहरु पनि पनि केन्द्रीकृत तरिकाले संकलन हुने गर्दथ्यो । यसरी संकलित तथ्यांकको प्रदेशगत हिस्साको गणना केही जटिल हुन गयो ।

निजी क्षेत्रका व्यवसायिक संघ संस्थाहरु पनि तथ्यांक राख्ने तथा अद्यावधिक गर्ने कार्यमा सक्रिय पाइएन । त्यसैले व्यवसायीका तर्फबाट मौखिक तथा इमेलमार्फत उपलब्ध गराइएको तथ्यांकमा अध्ययन आधारित हुन पुगेको छ।

यस अध्ययन मूलतः गण्डकी प्रदेशबाट विदेशमा निर्यात हुने वस्तुहरुमा आधारित रहेको तर गण्डकी प्रदेशका अधिकांस व्यवसायीहरुले अन्य क्षेत्रमा रहेका व्यवसायीलाई वस्तुहरु उपलब्ध गराउने र उनीहरु मार्फत नै विदेश निर्यात हुने गरेकाले उनीहरुका उत्पादनहरुको कति परिमाण निर्यात हुने गरेको छ भन्ने बारे व्यवसायी नै अनविज्ञ रहेकाले निर्यातको वास्तविक तथ्यांक प्राप्त हुन नसकेको ।

# अध्याय दुई
# समग्र नेपाल तथा गण्डकी प्रदेशको अर्थतन्त्र

## २.१ नेपाली अर्थतन्त्रको वर्तमान अवस्था

नेपाली अर्थतन्त्रको मेरुदण्डकोरुपमा रहेको र झण्डै दुई तिहाई जनसंख्याको जीवनयापनको माध्यम बनेको कृषिक्षेत्रले आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ उत्पादनको २६.९८ प्रतिशत हिस्सा ओगटेको छ भने विप्रेषण आयले २५.९ प्रतिशत योगदान पुऱ्याएको छ (अर्थ मन्त्रालय, २०७६) । देशमा उत्पादनको ठूलो सम्भावना भएको जलविद्युतको  व्यवसायिक उत्पादन ८३ हजार मेगावाट भएपनि नेपालले हाल जम्मा १३१८.२ मेगावाट मात्र विद्युत उत्पादन गरेको छ (अर्थमन्त्रालय २०७६/७७) । व्यापारतर्फ आयात र कुल गार्हस्थ उत्पादन अनुपात २०७५/७६ मा बढेर ४१.३ प्रतिशत रहेको छ तर निर्यात कुल गार्हस्थ उत्पादन अनुपात भने २.७ प्रतिशत मात्र रहेको छ (अर्थमन्त्रालय, आ.व. २०७५/७६) ।

## २.२ व्यापार तथा वाणिज्य

व्यापार नै आर्थिक विकासको मेरुदण्ड हो भन्ने मान्यताका साथ सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारी मार्फत एवं निर्यात प्रवर्द्धनका कार्यात्रमहरु सञ्चालन गरिएका छन् । तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरुको पहिचान गरी निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको विकास र विस्तार गर्ने उद्देश्यका साथ वाणिज्य नीति २०७२ कार्यान्वयनमा ल्याइएको छ । दिगो विकास लक्ष्यको उद्देश्यसमेतलाई मार्गदर्शनको रुपमा लिई वाणिज्य नीति २०७२ र नेपाल व्यापार एकीकृत रणनीति २०७३ का नीति तथा कार्यक्रमहरु त्यसतर्फ परिलक्षित गरिएका छन् ।

### (क) नेपालको वैदेशिक व्यापार

प्रजातन्त्रको पुनर्स्थापनासँगै द्रुततर गतिमा अगाडि बढाइएको आर्थिक उदारीकरणको नीति पश्चात नेपालको वैदेशिक व्यापार उल्लेख्य परिमाणमा बढेको देखिन्छ । आर्थिक वर्ष २०४६/४७ मा वस्तु व्यापारको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २२.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा ४३.८ प्रतिशत पुगेको छ । तथापि वस्तु व्यापार घाटा भने बढ्दै गएको छ । आर्थिक वर्ष २०४६/४७ मा व्यापार घाटाको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १२.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा ३८.१ प्रतिशत पुगेको छ ।

देशमा औद्योगिकरणको विकास नभएकाले नेपालको अर्थतन्त्रमा वैदेशिक व्यापारको हिस्सा उच्च छ। देशको लागि आवश्यक विकास निर्माणका वस्तुहरु देखि दैनिक उपभोगका अधिकांश वस्तुहरुको आपूर्तिको लागि आयात माथिको निर्भरता पछिल्ला वर्षहरुमा बढ्दै गएको छ। आर्थिक वर्ष २०७५/७६ मा आयात निर्यात अनुपात १२.२५ प्रतिशत पुगेको छ। आयातमा भएको वृद्धिको तुलनामा मुलुकको निर्यात बढ्न नसकेकाले व्यापार सन्तुलन निरन्तर रुपमा घाटामा रहिआएको र त्यसको आकार बढ्दै गएको छ। आर्थिक वर्ष २०७६/७७ मा कुल वस्तु निर्यात ०.६ प्रतिशतले वृद्धि भई रु.९७ अर्ब ७१ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात १९.४ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारततर्फ ११.८ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीन तथा अन्य मुलुकतर्फ क्रमशः ४३.५ प्रतिशत र १८.२ प्रतिशतले घटेको छ।

वस्तुगत आधारमा पाम तेल, आयुर्वेदिक औषधि, जडिबुटी, प्लाष्टिकका भाँडा, फलफुल लगायतका वस्तुको निर्यात बढेको छ भने जस्तापाता, तार, पोलिस्टर यार्न तथा धागो, तयारी पोशाक, उनी गलैंचा लगायतका वस्तुको निर्यात घटेको छ। आर्थिक वर्ष २०७६/७७ मा कुल वस्तु आयात १५.६ प्रतिशतले घटेर रु.११ खर्ब ९६ अर्ब ८० करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो आयात १३.९ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १९.९ प्रतिशत, ११.५ प्रतिशत र ५.३ प्रतिशतले घटेको छ। वस्तुगत आधारमा कच्चा पाम तेल, कच्चा सोयाविन तेल, रासायनिक मल, खाने तेल, कम्प्युटर तथा पार्टपुर्जा लगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपुर्जा, एम.एस. बिलेट, सुन, अन्य मेशिनरी तथा पार्टपुर्जा लगायतका वस्तुको आयात घटेको छ। पछिल्लो दुई वर्षको आयात निर्यात व्यापारको तथ्यांक तालिका २.१ मा प्रश्तुत गरिएको छ।

**तालिका २.१ : नेपालको वैदेशिक व्यापारको परिदृश्य**

| क्र.सं. | व्यापार सूचक | आर्थिक वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७ | परिवर्तन प्रतिशतमा |
|---|---|---|---|---|
| १ | कुल आयात (रु. हजार) | १,४१८,५३५,३४३ | १,१९६,७९९,०५३ | -१५.६३ |
| २ | कुल निर्यात (रु. हजार) | ९७,१०९,५२१ | ९७,७०९,१०५ | ०.६२ |
| ३ | व्यापार घाटा (रु. हजार) | १,३२१,४२५,८२२ | १,०९९,०८९,९४८ | -१६.८३ |
| ४ | कुल वैदेशिक व्यापार (रु. हजार) | १,५१५,६४४,८६४ | १,२९४,५०८,१५८ | -१४.५९ |
| ५ | आयात निर्यात अनुपात | १४.६१ | १२.२५ | -१६.१५ |
| ६ | कुल व्यापारमा निर्यातको हिस्सा (प्रतिशत) | ६.४१ | ७.५५ | १७.८१ |
| ७ | कुल व्यापारमा आयातको हिस्सा (प्रतिशत) | ९३.५९ | ९२.४५ | -१.२२ |

श्रोतः व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र, २०७७

## २.३ व्यापार सुधारका संस्थागत तथा नीतिगत व्यवस्था

नेपालले वि.सं. २०४७ पछि अर्थतन्त्रमा उदारवादी नीति लिएसँगै वैदेशिक व्यापारमा बढोत्तरी आएको देखिन्छ। देशको आन्तरिक तथा वैदेशिक व्यापारमा सुधार गर्नको लागि विविध संस्थागत तथा नीतिगत व्यवस्था गरेको छ। यस खण्डमा नेपालले समग्र व्यापार व्यवस्थित गर्न अपनाएका संस्थागत तथा नीतिगत व्यवस्था बारे उल्लेख गरिएको छ।

### (क) व्यापार सुधारका संस्थागत व्यवस्था

देशको आन्तरिक तथा वैदेशिक व्यापारको सुधार तथा व्यवस्थापन, अनुगमनको लागि नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयले नेतृत्व गरेको छ। यस अन्तर्गत मुलुकको वाणिज्य क्षेत्रलाई सबल र सुदृढ बनाउँदै आन्तरिक तथा वैदेशिक व्यापारको प्रवर्द्धन, व्यापार सहजीकरण तथा नियमन जस्ता मुख्य कार्य गर्नको लागि वाणिज्य विभाग, नेपाल इन्टरमोडल यातायात विकास समिति, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड, गरी ४ निकायहरु रहेका छन्।

यी निकायहरुले मूलत निम्न उद्देश्यहरु लिएका छन्।

१. राष्ट्रिय अर्थतन्त्र र गरिबी निवारणमा दिगो योगदान पुऱ्याउन अग्र तथा पृष्ठ सम्वन्धको विकास हुने गरी फराकिलो आधारसहितको व्यापारको विकास गर्ने।
२. विश्व बजारमा वस्तु तथा सेवाको निकासी बढाई व्यापार घाटा कम गर्ने।
३. वाणिज्य क्षेत्रमा नीतिगत, संस्थागत तथा प्रक्रियागत सुधार गरी द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिने।
४. व्यापार र पारवहन सम्वद्ध पूर्वाधारहरुको विकास गरी व्यापारिक कारोवारलाई सरल, सुविधाजनक र लागत किफायती बनाउने।

यी निकायहरुले आआफ्नो उद्देश्य र कार्यक्षेत्र अनुसारको काम गरेका भएता पनि वाणिज्य तथा व्यापारको क्षेत्रमा उल्लेख्य उपलब्धी हाँसिल भएको देखिदैन। यी निकायहरु बीचको तालमेल तथा कार्यगत संयोजन नहुनुले पनि नतिजामूलक काम हुन नसकेको हो। त्यस्तै यी निकायहरुको नेतृत्वमा हुने नियुक्तिहरु राजनीतिक प्रकृतिका हुनुले पनि नेतृत्वमा विशेषज्ञताको अभाव देखिनु, देशको राजनीतिक परिवर्तनसँगै नेतृत्व परिवर्तन हुनु जस्ता कारणले पनि नतिजामूलक ढंगले काम हुन नसकेको देखिन्छ।

### (ख) व्यापार सुधारका नीतिगत व्यवस्था

वि.सं. २०४७ सालभन्दा पहिले नियन्त्रित किसिमको वैदेशिक व्यापारको नीति लागु रहेकोमा २०४९ सालमा नयाँ वाणिज्य नीति ल्याइए पछि वैदेशिक व्यापारमा प्रायः सबै व्यापार प्रतिवन्धहरु हटाएको देखिन्छ।

प्रजातन्त्रको स्थापना पछि ल्याइएको वाणिज्य नीति २०४९ ले साविकमा कायम रहेको व्यापार नीतिमा व्यापक परिवर्तन गरी उपभोग्य सामाग्री, उद्योगका कच्चा पदार्थ, औद्योगिक पार्टपूर्जा तथा सेवाको आयातलाई खुकुलो बनाएको देखिन्छ। खुला तथा उदार आर्थिक नीति मार्फत निजी क्षेत्रको सहभागिता बढाउँदै आन्तरिक र अन्तर्राष्ट्रिय व्यापार अभिवृद्धि गर्ने, निकासी व्यापारलाई प्रतिस्पर्धात्मक र दिगो रुपमा अभिवृद्धि गर्न पृष्ठ आर्थिक अन्तरसम्वन्धहरुलाई बढावा दिई निकासी योग्य वस्तुको पहिचान, व्यापार विविधीकरण गर्दै रोजगारमुलक व्यापार विस्तार गर्ने उद्देश्य राखिएको थियो। यस अवधिमा निकासी नीति, पैठारी नीति, विदेशी विनिमय व्यवस्था, वाणिज्य परिषद्को गठन, वैदेशिक व्यापार नीति तथा अनुसन्धान संस्था, नेपाल इन्टरमोडल यातायात विकास समिति एवं नेपाल व्यापार प्रवर्द्धन संगठनको स्थापना जस्ता कामहरु भएपनि अन्तराष्ट्रिय व्यापारमा भएको गतिशीलता, द्विपक्षीय तथा बहुपक्षीय व्यापार प्रणालीसँगको आवद्धता, व्यापार प्रक्रिया सहजीकरण र नयाँ पारवहन प्रणालीको विकास जस्ता विषयहरुलाई समेट्न नसकेकाले अन्तर्राष्ट्रिय व्यापार विस्तृत गर्न वाणिज्य नीति २०६५ जारी गरिएको थियो। यस नीतिमा नेपालको वैदेशिक व्यापारलाई प्रतिस्पर्धी बनाउन सरकारले पथप्रदर्शक, संरक्षक, नियामक र उत्प्रेरकको भूमिका निर्वाह गरी व्यापार प्रक्रियामा सरलीकरण, सहजीकरण तथा संस्थागत सुदृढीकरणको माध्यमबाट आयात निर्यातमा सहजता ल्याई व्यापार लागत घटाउने रणनीति लिइएको थियो।

नेपाल विश्व व्यापार संगठन, दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र तथा विमस्टेक जस्ता आर्थिक समूहमा प्रवेश गरेको भएपनि देशमा उपलब्ध उत्पादनका श्रोत र साधनसँग उचित प्रविधि, दक्ष जनशक्ति एवं लगानीको संयोजन गरी निर्यात प्रवर्द्धन हुन सकेको छैन। निकाशी प्रवर्द्धनको लागि विशेष आर्थिक क्षे्त्रहरुको स्थापना गर्ने, निकासीजन्य तुलनात्मक लाभका नयाँ वस्तुहरुको पहिचान, छनौट, उत्पादन र व्यापारको प्रवर्द्धन गर्ने कार्यनीति लिइएको छ। यसै गरी संस्थागत व्यवस्था अन्तर्गत बोर्ड अफ ट्रेडको व्यवस्था गर्ने, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई स्वायत्त संस्थाको रुपमा व्यापार प्रवर्द्धन प्रतिष्ठानमा परिणत गर्ने, विशेष आर्थिक क्षेत्र र निर्यात प्रशोधन क्षेत्रको व्यवस्था गर्ने नीति लिइएको छ। वैदेशिक व्यापारको दिगो विकासको लागि नेपाल सरकारले नेपाल व्यापार एकीकृत रणनीति २०१० लागु गरेको छ। यस अन्तर्गत निर्यातको सम्भावना रहेका १२ वस्तुहरु र ७ वटा सेवा गरी जम्मा १९ वस्तु तथा सेवाको सुचीकृत गरी निर्यात प्रवर्द्धनको रणनीति तयार गरेको छ। यस अन्तर्गत कृषिजन्य उत्पादन तर्फ अलैंची, अदुवा, मह, दाल, चिया, चाउचाउ, र औषधीजन्य तेल तथा हस्तकला र औद्योगिक उत्पादन तर्फ हाते कागज, चाँदीका गहना, फलामे रड र पश्मिना समावेश छन्। सेवा तर्फ पर्यटन, श्रमसेवा, स्वास्थ्य, शिक्षा, इञ्जिनियरिङ, जलविद्युत तथा सूचना प्रविधि आउटसोर्सिङ रहेका छन्। व्यापार नीति २०७२ ले पनि २६ वटा वस्तुहरु तथा ७ किसिमका सेवालाई निर्यात सम्भावनायुक्त भनी पहिचान गरेको छ।

नेपाल भारत बीच अक्टोबर २७, २००९ मा नयाँ वाणिज्य सन्धी भएको छ यसले सन् १९९६ मा सम्झौता भई सन् २००२ मा पुनरावलोकन गरिएको व्यापार सन्धीलाई विस्थापित गरेको छ। यस सन्धीमा प्राथमिक वस्तुलाई विना शुल्क निर्यातको सुविधा प्रदान गरिएको, सुल्करहित परिमाणात्मक वन्देज कायम हुने वस्तुको सुची थप गर्न सकिने, भारतले नेपाली वस्तुमा लगाउँदै आएको अतिरिक्त महशुलमा नेपाल सरकारको विषेश अनुरोधमा छुट प्रदान गर्ने, भारतीय रुपैयाँमा हुने द्विपक्षीय व्यापारलाई डलरमा भएसरहको सुविधा प्रदान गर्ने उल्लेख छ। यो सन्धी ७ वर्षको लागि गरिएको र अर्को एकपटक स्वतः नविकरण हुने प्रावधान राखिएको छ।

# अध्ययाय: तीन
# गण्डकी प्रदेशमा विविध बाली उत्पादनको स्थिति

## ३.१ खाद्यबाली

गण्डकी प्रदेशमा उत्पादन हुने मूख्य खाद्यवस्तुहरुमा धान, मकै, कोदो, फापर, गहुँ, जौ आदि रहेका छन्। कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको तथ्यांक अनुसार गण्डकी प्रदेशमा कुल तीन लाख त्रियानब्बे हजार हेक्टर जमिनमा खाद्यवस्तुको खेती हुँदै आएको छ। तुलनात्मक रुपमा हेर्दा सबैभन्दा बढी क्षेत्रफलमा मकै तथा त्यसपछि क्रमश धान, कोदो, गहुँ तथा अन्य खाद्यबालीहरुको खेती भएको पाइन्छ। उत्पादनको आधारमा भने सबैभन्दा बढी क्रमशः धान, मकै, कोदो, गहुँ रहेका छन्। यस प्रदेशमा खेती भएको जमीनको क्षेत्रफल उत्पादन तथा उत्पादकत्व र यसलाई समग्र नेपालको उत्पादनसँगको तुलनात्मक तथ्यांकलाई तालिका ३.१ मा प्रश्तुत गरिएको छ।

**तालिका ३.१: समग्र नेपाल तथा गण्डकी प्रदेशमा खाद्यवस्तु उत्पादनको स्थिति** (२०७५/७६)

| खाद्यवस्तु | नेपालको जम्मा | | | गण्डकी प्रदेश | | | गण्डकी प्रदेशको हिस्सा | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | उत्पादन मे.ट. | उत्पादकत्व | क्षेत्रफल (हे.) | उत्पादन मे.ट. | उत्पादकत्व | क्षेत्रफल | उत्पादन |
| धान | १,४६९,५४५ | ५६१००११ | ४ | ११५,३०८ | ४२७,६८९ | ४ | ७.८ | ७.६ |
| मकै | ९५४,१५८ | २७१३६३५ | ३ | १४५,३२९ | ४२३३१० | ३ | १५.२ | १५.६ |
| कोदो | २६३,४९७ | ३१४२२५ | १ | ८७,३५१ | ९९७४१ | १ | ३३.२ | ३१.७ |
| जौ | १०,२९६ | ३०५५० | ३ | १,९६२ | २६४२ | १ | १९.१ | ८.६ |
| गहुँ | ७०६,८४३ | २००५६६५ | ३ | ४१,२९१ | ९३४३३ | २ | ५.८ | ४.७ |
| फापर | २४,६४८ | ११४६४ | ० | १,७६४ | २५९९ | १ | ७.२ | २२.७ |
| कुल जम्मा | ३,४२८,९८६ | १०,६८५,५५० | ३ | ३९३,००६ | १,०४९,४१४ | ३ | ११.५ | ९.८ |

श्रोतः कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६

आर्थिक वर्ष २०७५/७६ को उत्पादनको आधारमा गण्डकी प्रदेशमा सबैभन्दा बढी धान उत्पादन ( चार लाख २७ हजार मेट्रिक टनभन्दा बढी) भएको देखिन्छ। त्यसपछि क्रमशः मकै (४ लाख २३ हजार मेट्रिक टन), कोदो (९९ हजार मेट्रिक टन) र गहुँ ९३ हजार मेट्रिक टन उत्पादन भएको देखिन्छ।

समग्र नेपालको उत्पादनसँग तुलना गर्दा गण्डकी प्रदेशमा कोदोको उत्पादन कुल उत्पादनको झण्डै ३२ प्रतिशत, फापर २३ प्रतिशत र मकै १६ प्रतिशत देखिन्छ। यी बाली लगाइएको क्षेत्रफल पनि अन्य बालीको तुलनामा उच्च देखिन्छ। खाद्यबाली उत्पादनको जिल्लागत स्थिति अनुसूची १ मा उल्लेख गरिएको छ।

## ३.२ नगदे बाली

संघीय सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले गण्डकी प्रदेशमा उत्पादन हुने तेलहन, आलु र उखु गरी तीन बालीलाई नगदेबालीको रुपमा उल्लेख गरेको छ। यी बाली खेती गरिएको जमीनको क्षेत्रफल तथा उत्पादन लाई तालिका ३.२ मा प्रस्तुत गरिएको छ। यी नगदे बालीहरुको जिल्लागत खेती, उत्पादन तथा उत्पादकत्वको अवस्थालाई अनुसूची २ मा प्रश्तुत गरिएको छ।

**तालिका ३.२: समग्र नेपाल तथा गण्डकी प्रदेशमा नगदेवाली उत्पादनको स्थिति** (२०७५/७६)

| नगदे बाली | समग्र नेपाल | | | गण्डकी प्रदेश | | | प्रदेशको हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट) | उत्पादकत्व | क्षेत्रफल | उत्पादन ( मे.ट) | उत्पादकत्व | क्षेत्रफल | उत्पादन |
| तेलहन | २६०३०७ | २८०५३० | १.०७८ | १५२७२ | १५३९७ | १.००८ | ५.९ | ५.५ |
| आलु | १९३९९७ | ३११२९४७ | १६.०५ | २००५५ | २०४७१८ | १०.२१ | १०.३ | ६.६ |
| उखु | ७१६२५ | ३५५७९३४ | ४९.६७ | ३६५ | १७६३५४ | ४८३.२ | ०.५ | ५.० |
| जम्मा | ५२५९२९ | ६९५१४११ | १३.२२ | ३५६९२ | ३९६४६९ | ११.११ | ६.८ | ५.७ |

श्रोतः कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६

तेलहन् बाली अन्तर्गत गण्डकी प्रदेशमा तोरी, सर्स्यूँ, तिल, सूर्यमूखी, बदाम आलस, रायो, झुसेतिल आदि रहेका छन्। आर्थिक वर्ष २०७५/७६ को तथ्यांक यस्ता बालीहरु कुल १५२७२ हेक्टर जमिनमा खेती भएको र १५३९७ मेट्रिक टन उत्पादन भएको देखिन्छ।

## ३.३ दलहन बाली

गण्डकी प्रदेशमा मास, बोडी, गहत, केराउ, भट्मास, मस्याङ (सिल्टिमुर) लगायतका दलहन बालीको खेती हुदै आएको छ। आर्थिक वर्ष २०७५/७६ मा यस प्रदेशका एघार जिल्लामा गरी कुल २१८५८ हेक्टर क्षेत्रफल जमिनमा २० हजार मेट्रिक टन दलहन उत्पादन भएको तथ्यांक छ। यस वर्ष जिल्लागत रुपमा सबैभन्दा उच्च नवलपुरमा ४४७६ मेट्रिक टन र म्याग्दीमा ४०४९ मेट्रिक टन दलहन बाली उत्पादन भएको थियो। खेती गरिएको जमिन तथा उत्पादनको विवरण अनुसूची ४ मा दिइएको छ।

## ३.४ तरकारी

गण्डकी प्रदेशका जिल्लाहरुमा तरकारीको उत्पादन हुँदै आएता पनि अन्य प्रदेश तथा भारतीय तरकारीहरुको आयात पनि उच्च छ। तरकारी बालीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि कास्की जिल्लालाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तगर्त सुपर जोन तथा प्रदेशका अन्य जिल्लाका केही क्षेत्रहरुलाई पकेट क्षेत्र घोषणा गरी तरकारी उत्पादन वृद्धिको कार्यक्रम कार्यान्वयन हुँदै छ। यसले प्रदेशको तरकारी आयात प्रतिस्थापन गर्नुको साथै अन्तर प्रदेश तरकारी व्यापारमा पनि उल्लेख्य योगदान पुऱ्याउने देखिन्छ।
अहिले यस प्रदेशमा काउली, गोलभेडा, पिँडालु, घिरौँला, तिते करेला, काँक्रो, मुला, रायोको साग आदि हरिया तरकारीको खेती गरिँदै आएको छ। आर्थिक वर्ष २०७५/७६ मा कुल २३७३३ हेक्टर क्षेत्रफल जमिनमा ३००९१४ मेट्रिक टन तरकारी उत्पादन भएको देखिन्छ। तरकारी उत्पादनको विस्तृत विबरण अननुसूची १५ मा दिइएको छ।

## ३.५ तेलहन बाली

यस प्रदेशमा तोरी, सस्यूँ, तिल, भुसे तिल, आलस, बदाम, रायो लगायतका तेलहन बालीको उत्पादन हुँदै आएको छ। कृषि तथा पशुपंक्षि विकास मन्त्रालयले प्रकाशित गरेको तथ्यांक अनुसार आर्थिक वर्ष २०७५/७६ मा यस प्रदेशका एघार जिल्लामा गरी १५२७२ हेक्टर जमीनमा तेलहन बालीको खेती गरिएको र जम्मा १५३७९ मेट्रिक टन उत्पादन भएको देखिन्छ। तेलहन बालीमा सबैभन्दा धेरै तोरी ९५०४ हेक्टरमा र सस्यूँ १८६५ हेक्टर जमीनमा खेती भएको तथा ८९८३ टन तोरी र २०७० टन सस्यूँ उत्पादन भएको देखिन्छ। जिल्लागत तेलहन बालीहरु खेती र उत्पादनको अवस्था अनुसूची ३ मा प्रश्तुत गरिएको छ।

## ३.६ फलफूल

गण्डकी प्रदेश फलफूल उत्पादनको लागि राम्रो सम्भावना भएको प्रदेश हो। समुद्रीसतहबाट ९३ मिटर देखी ८१०० मिटर सम्म उचाई भएको यस प्रदेशमा विविध फलफूल उत्पादनको सम्भावना रहेको छ। यस प्रदेशमा सुन्तला, मौसम, निबुवा, कागती, लगायतका जुशयुक्त फलफूल तथा स्याउ, नासपती, ओखर, आरु, आरुबखडा, हलुवावेद, केरा, अनार, लप्शी तथा किवी जस्ता फलफूलहरुको उत्पादन हुन्छ। आर्थिक वर्ष २०७५/७६ मा यस प्रदेशका जम्मा एघार जिल्लामा कुल ५८४४ हेक्टर क्षेत्रफलमा ५७४२० मेट्रिक टन जुशयुक्त फलफूल तथा २७४८१ क्षेत्रफल जमिनमा १६७५३ मेट्रिक टन हिउँदे फलफूल उत्पादन भएको देखिन्छ। जिल्लागत रुपमा यी फलफूलहरुको उत्पादन तथा खेती गरिएको क्षेत्रफलको विवरण अनुसूची ५ र ६ मा उल्लेख गरिएको छ।

यी फलफूलहरुमध्ये सुन्तला तथा स्याउको अन्तर प्रदेश व्यापार तथा विदेश निर्यात सम्भावना उच्च रहेको छ। तर बढ्दै गएको बसाईँसराईँले फलफूल खेती तथा उत्पादनमा नकारात्मक प्रभाव परेको देखिन्छ।

## ३.७ मसला बाली

गण्डकी प्रदेशमा विविध किसिमका मसला बालीहरुको उत्पादन हुँदै आएको छ। जस मध्ये अलैँची, टिमुर, अदुवा, लसुन, बेसार तथा खुर्सानी प्रमूख छन् । आर्थिक वर्ष २०७५/७६ मा प्रदेशका ११ जिल्लाहरुको ७३५४ हेक्टर क्षेत्रफलमा ५८२४४ मेट्रिक टन यी मसलाबाली उत्पादन भएको देखिन्छ। मसला बालीहरुमा सबैभन्दा धेरै कास्की जिल्लामा कुल १७६८९ मेट्रिक टन र ती मध्ये १३३६४ मेट्रिक टन अदुवा उत्पादन भएको देखिन्छ। यस प्रदेशमा उच्च निर्यात सम्भवना भएका मसला बाली मध्ये अलैँची ३१३ मेट्रिक टन र अदुवा ४४९९२ मेट्रिक टन उत्पादन भएको देखिन्छ। मसला बाली उत्पादनको जिल्लागत स्थिति अनुसूची ७ प्रश्तुत गरिएको छ।

## ३.८ दुध

दुधको लागि मूख्यतः गाई तथा भैँसी पालिने गरेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा यस प्रदेशका जिल्लाहरुमा दुध उत्पादनको लागि ७१०६५ गाई तथा १९६३२२ पालिएका तथा तिनबाट २७४,५०५ मेट्रिक टन दुध उत्पादन भएको देखिन्छ। गाईको भन्दा भैँसीको दुध उत्पादन बढी छ। जिल्लागत रुपमा गाई तथा भैँसीपालन र दुध उत्पादनको स्थिति अनुसूची ८ मा प्रश्तुत गरिएको छ।

## ३.९ हाँस तथा कुखुराका र अण्डा

अण्डाको लागि हाँस तथा कुखुरापालन नेपालमा फैलँदै गएको कृषि व्यवसाय हो। आर्थिक वर्ष २०७५/७६ को तथ्यांक अनुसार गण्डकी प्रदेशमा अण्डाको लागि ९४२८४२ कुखुरा तथा २७०३४ हाँस पालिएका छन्। यी हाँस तथा कुखुराबाट वार्षिकरुपमा कुल ११३,९४१ हजार अण्डा प्राप्त भएको तथ्यांक छ। जिल्लागत रुपमा अण्डा उत्पादनको स्थिति अनुसूची ९ मा प्रश्तुत गरिएको छ।

नेपालमा ठूलो मात्रामा भारत लगायतका मुलुकबाट हुँदै आएको आण्डा आयातलाई स्वदेशमा नै भएको उत्पादनले प्रतिस्थापन गरी व्यापारघाटा कम गर्न योगदान पुर्‍याएको छ।

## ३.१० ऊन

गण्डकी प्रदेशका मनाङ, मुस्ताङ, म्याग्दी तथा गोर्खा जिल्ला चौँरी तथा भेडा पालनका लागि अब्बल मानिन्छन्। त्यस्तै पर्वत, लमजुङ, स्याङजा, तनहुँ जिल्लाहरुमा पनि भेडा पालन हुँदै आएका छन् भने पछिल्ला वर्षहरुमा यी क्षेत्रमा खरायो पालन पनि फस्टाउँदै गएको देखिन्छ। भेडा, च्याङग्रा, चौँरी तथा खरायोबाट प्राप्त हुने ऊन तथा ऊनका सामाग्रीहरुको माग आन्तरिक बजारमा मात्र होइन वैदेशिक बजारमा पनि उच्च छ। आर्थिक वर्ष २०७५/७६ मा गण्डकी प्रदेशका जिल्लाहरुबाट कुल ९१२७३ केजी उन उत्पादन भएको देखिन्छ। उनका

लागि भेडा, चौंरी तथा खरायो पालनलाई प्रोत्साहन गर्न सक्ने हो भने उन तथा उनजन्य सामाग्रीहरुको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन हुने सम्भावना प्रवल छ।

## ३.११ माछापालन

नेपालमा माछाको बजार उच्च छ। माछाको मागको आपूर्तीको लागि वर्षेनी ठूलो परिमाणमा माछा आयात हुँदै आएको छ । आर्थिक वर्ष २०७५/७६ मा गण्डकी प्रदेशका जिल्लाहरुमा २०९३ पोखरीहरुबाट १०९०००४ किलोग्राम माछा उत्पादन भएको देखिन्छ। नवलपरासी तथा तनहुँमा माछाको उत्पादन सबैभन्दा उच्च छ भने मनाङ र मुस्ताङमा माछापालन छैन । जिल्लागत रुपमा माछापालन र उत्पादनको स्थितिलाई अनुसूची १२ मा प्रश्तुत गरिएको छ।

## ३.१२ कफी

गण्डकी प्रदेशका विभिन्न जिल्लाहरुमा विगत केही वर्षदेखी कफीको उत्पादन हुदै आएको छ। यस प्रदेशमा २६५० हेक्टर जमीनमा कफी खेती भएको तथा २०७५/७६ मा ५१२.५ मेट्रिक टन कफी उत्पादन भएको तथ्यांक छ। २०७७ साल साउन महिनाको मूल्य प्रति केजी रु. ४२५ को आधारमा गण्डकी प्रदेशमा २१ करोड ८० लाख भन्दा बढीको कफी उत्पादन हुन्छ। यस प्रदेशमा हाल ३२८७० घरधुरी कफी खेतीमा संलग्न रहेका छन्। यसरी उत्पादन भएको कफीको ८० प्रतिशत भन्दा बढी हिस्सा विदेशमा निर्यात हुने व्यवसायीहरु बताउछन्।

**तालिका ३.३: गण्डकी प्रदेशका जिल्लाहरुमा कफी उत्पादनको स्थिति** (२०७५/७६)

| जिल्ला | खेती भएको क्षे.फ. (हे.) | कफी उत्पादन (मे.टन) | उत्पादकत्व (केजी प्रति हे.) | कफी खेतीमा संलग्न घरधुरी |
|---|---|---|---|---|
| बाग्लुङ | ६४.३ | १५ | २३३.४ | १३४५ |
| गोर्खा | ५५ | ८ | १४५.५ | ७५७ |
| कास्की | १४८.९ | ३५ | २३५ | ४२७५ |
| लमजुङ | १५५ | १८ | ११६ | १३६९ |
| म्याग्दी | ३३.७ | ९ | २६७.४ | ५०३ |
| पर्वत | ९४.८ | २५ | २६३.५ | १९२१ |
| स्याङ्जा | ३१६.२ | ४५ | १४२.३ | ३३२१ |
| तनहुँ | ४०.८ | ११ | २६९.६ | ६२५ |
| गण्डकी प्रदेशको जम्मा | ९०८.७ | १६६ | | १४११६ |
| कुल नेपालमा गण्डकीको हिस्सा | ३४.३ | ३२.४ | | ४३ |
| नेपालको कुल जम्मा | २६५०.४ | ५१२.५ | १९३.४ | ३२८७० |

श्रोतः राष्ट्रिय चिया तथा कफी बोर्ड नेपाल

# अध्याय चार
# गण्डकी प्रदेशमा औद्योगिकरणको अवस्था

## ४.१ समग्र औद्योगिक अवस्था

समग्र देशमा नै औद्योगिकरणको अवस्था सन्तोषप्रद अैन। देशको कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको अवस्था ५.६ प्रतिशत मात्र रहेको छ। देशभरमा सञ्चालित ८२१२ उद्योगहरु मध्ये दुईतिहाई बागमती प्रदेशमा रहेका छन् भने गण्डकी प्रदेशमा कुल उद्योगहरुको ७.४ प्रतिशत अर्थात ६०४ उद्योग मात्र रहेका छन्। लगानीको हिसाबमा हेर्ने हो भने गण्डकी प्रदेशमा कुल लगानीको १७ प्रतिशत भएको देखिन्छ।

गण्डकी प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुमा पर्यटन, उर्जामूलक, सेवा, उत्पादनमूलक, कृषि तथा वनजन्य र खनिज उद्योग रहेका छन्। यसको विस्तृत विवरण तालिका ४.१ मा प्रश्तुत गरिएको छ।

**तालिका ४.१: प्रदेशगत रुपमा उद्योगको वितरण तथा लगानी** (२०७६/७७)

| उद्योगका किसिम | प्रदेश १ | प्रदेश २ | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सदुरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| कृषि तथा वनजन्य | ११६ | २३ | २८४ | ३१ | १८ | २ | ४ | ४७८ |
| निर्माण | ३ | ० | ४९ | ३ | १ | १ | १ | ५८ |
| उर्जामूलक | १०५ | ६ | १३६ | १२२ | ६ | १६ | २० | ४११ |
| सूचना तथा सञ्चार | १ | ० | ७३ | १ | ० | ० | १ | ७६ |
| उत्पादनमूलक | ४०९ | ४६६ | १६६६ | ६२ | ४१९ | १४ | ४४ | ३०८० |
| खनिज | ३ | २ | ९ | ११ | १६ | ९ | १९ | ६९ |
| सेवा | ७६ | ४४ | १७९८ | ११३ | १६५ | १० | १८ | २२२४ |
| पर्यटन | ५८ | १२ | १४०४ | २६१ | ५३ | २० | ८ | १८१६ |
| कुल उद्योगको संख्या | ७७१ | ५५३ | ५४१९ | ६०४ | ६७८ | ७२ | ११५ | ८२१२ |
| कुल लगानी(रु. अर्बमा) | ४५२.२ | ११४.३ | ७९४.५ | ३५८.९ | २२३.४ | १२०.२ | ३८.० | २१०१.५ |

श्रोतः उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, २०७५/७६

खाद्यान्नहरुमा मुख्यतः चाउचाउ, बिस्कुट, चक्लेट तथा प्रशोधित दुध उत्पादन हुन्छ भने नवलपरासीमा होङ्सी सिमेन्ट कारखाना स्थापनासँग सिमेन्ट उत्पादन पनि ठूलो परिमाणमा हुने गरेको छ। नेपाल राष्ट्रबैंकले २०७७ मा गरेको अध्ययन अनुसार गण्डकी प्रदेशमा भएका औद्योगिक उत्पादनहरु यहाँ प्रश्तुत गरिएको छ। जस अन्तर्गत तोरीको तेल (२६७० मेट्रिक टन), प्रशोधित दुध (३८ लाख लिटर), चक्लेट (५९८० मेट्रिक टन), चाउचाउ (८३१६ मेट्रिक टन), बिस्कुट (६८०० मेट्रिक टन), बियर (६ करोड लिटर), चुरोट (झण्डै ३ अर्ब खिल्ली), इँटा (५८ लाख गोटा) तथा सिमेन्ट (६२११३५ मेट्रिक टन) रहेको छ (अनुसूची १७)।

## ४.२ खनिज तथा खानीजन्य उत्पादन

गण्डकी प्रदेशमा केही खानीजन्य उद्योगहरु सञ्चालनमा रहेका छन् । गण्डकी प्रदेश स्थितिपत्रका अनुसार यस प्रदेशमा चुनढुङ्गा, रातोमाटो, कार्जाइट र टल्क सम्वन्धी खनिजमा आधारित उद्योगहरु सञ्चालनमा रहेका छन्। खानी तथा भूगर्भ विभागका अनुसार गण्डकी प्रदेशमा चुनढुङ्गा, तामा, फलाम, ग्रेनाइट जस्ता खनिजहरु रहेका छन् ।

**तालिका ४.२: गण्डकी प्रदेशका जिल्लाहरुमा पाइन खनिजहरु**

| क्र.सं. | जिल्ला | खनिज |
|---|---|---|
| १ | तनहुँ, | फलाम, तामा, सुन, स्लेट, लाइमस्टोन, खरी पाउडर, पाइराइट, सिसा, जिंक |
| २ | लमजुङ | Geothermal hot springs, Tourmaline , नुन |
| ३ | कास्की | Common salt brine seeps, Talc |
| ४ | नवलपुर | फलाम |
| ५ | पर्वत | फलाम, तामा, सुन, फल्डस्पार, क्वार्ज, सिसा |
| ६ | गोरखा | तामा, सुन, ग्रेनाइट, साइनाइट, Rear Earth Metal, Bismuth , Tantalum-Niobium, Feldspar pyrite |
| ७ | मनाङ | ग्रेनाइट, नुन, Aquamarine/Beryl Tourmaline |
| ८ | मुस्ताङ | ग्रेनाइट, तेल, जिप्सम, युरेनियम, सुन, स्लेट, साइनाइट, ग्याँस, कोइला, नुन |
| ९ | स्याङजा | चुनढुङ्गा |
| १० | म्याग्दी | फलाम, तामा, सुन, पाइराइट, जिंक, खरीपाउडर, लाइमस्टोन, स्लेट तथा Geothermal hot springs |
| ११ | बाग्लुङ | तामा, फलाम, जिंक, खरीपाउडर, स्लेट तथा Quartzite |

श्रोतः खानी तथा भूगर्भ विभाग

**तालिका ४.३: गण्डकी प्रदेशमा पाइने केही खनिजको मात्रासहितको जानकारी**

| क्र.सं. | खनिज | ठेगाना | मात्रा |
|---|---|---|---|
| १ | तामा | भूतखोला तनहुँ | २ करोड १० लाख टन |
| २ | सुन | मादी खोला तनहुँ | ४० मिलिग्राम प्रति क्युबिक मिटर |
| | | मोदी खोला पर्वत | ८०-२४० मिलिग्राम प्रति क्युबिक मिटर |
| | | म्याग्दी खोला, म्याग्दी | २००-६५० कण प्रति टन ग्राभल |
| | | कालीगण्डकी | ६०-४२४० कण प्रति टन ग्राभल |
| ३ | फलाम | लाब्दी, तनहुँ | २५ लाख तीस हजार टन |
| | | नवलपरासी | १० करोड टन |
| ४ | प्राकृतिक ग्याँस | मुस्ताङ | |

श्रोतः नेपालका खनिज सम्पदा २०६८, लालुप्रसाद पौडेल

# अध्याय पाँच
# गण्डकी प्रदेशमा पाइने औषधीजन्य वनस्पति

गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रगति विवरण (२०७७) का अनुसार यस प्रदेशमा आयुर्वेदिक महत्वका २६० भन्दा बढी प्रजातिका वनस्पति, शिलाजित एवं वन्यजन्तुका अवयव पाइन्छन् । मन्त्रालयका अनुसार गण्डकी प्रदेशबाट वार्षिक औषत ५६.१७ मेट्रिक टन जडीबुटीको व्यापार आधिकारिक रुपमा भएको देखिन्छ। उक्त परिमाणको आधारमा यस प्रदेशबाट हालको बजार मूल्यलाई आधार मान्दा आधिकारिक रूपमा औषत प्रतिबर्ष रु. २० करोड ६२ लाख बराबरको जडीबुटी व्यापार हुने गरेको देखिन्छ। र यस बाहेक पनि जडिबुटीको अनाधिकृत व्यापार हुने गरेको सरोकारवालाहरु बताउछन् । प्रदेशका विभिन्न ३६ स्थानमा निजी खेतबारी वा सामुदायिक वन क्षेत्रमा व्यक्ति वा समूहले करिब ५,००० रोपनी क्षेत्रफलमा जडिबुटीको व्यवसायिक खेती शुरु गरेका छन् ।

मन्त्रालयको प्रगती विवरण (२०७७) को अनुसार आर्थिक वर्ष २०७६/७७ मा जडिबुटी मध्ये यार्सागुम्बा सबैभन्दा बढी रु. तेह्र करोड उनन्चालिस लाख रुपैयाँको व्यापार भएको थियो भने त्यसपछि काकोली रु. दुइ करोड उनान्चालिस लाख र सतुवा एक करोड त्रिसठ्ठी लाखको व्यापार भएको थियो। मुख्य पाँच प्रजातिहरूको कुल बार्षिक व्यापार रु. अठार करोड त्रिपन्न लाख (९० प्रतिशतभन्दा बढी) भएको देखियो । सबैभन्दा बढी परिमाणमा व्यापार भएको जडीबुटीहरूमा मुसली (७.२ टन), दालचिनी (५.९ टन), बुधनी फुल (४.७ टन), तेजपात (४.२ टन) र चिराइतो (३.५ टन) रहेका छन् । त्यस्तै कुटकी, निरमसी, चिराइतो र तेजपात बिगत १० बर्षदेखि लगातार व्यापारमा रहेका छन्। कुल ६ वटा प्राथमिकीकरणका आधारहरु (व्यापारमा रहेको बर्ष, व्यापार परिमाण, कुल व्यापारिक मूल्य, नेपाल सरकारको प्राथमिकीकरण, मूल्य अभिबृद्धीको संभावना र स्थानीय उपलव्धता) को आधारमा गण्डकी प्रदेशका प्राथमिकता प्राप्त १० जडीबुटीहरुमा तेजपात, चिराइतो, कुरिलो, कुटकी, सतुवा, सुगन्धवाल, मजिठो, जटामसी, विषजरा र यार्सागुम्बा रहेका छन् ।

आर्थिक बर्ष २०७६/७७ मा गण्डकी प्रदेशबाट २०,२७,७०८ के.जी. जडिबुटीको छोडपूर्जि भई निकासी भएको देखिन्छ । यस प्रदेशका विभिन्न ३६ स्थानमा निजी खेतबारी वा सामुदायिक वन क्षेत्रमा व्यक्ति वा समूहले करिब ५,००० रोपनी क्षेत्रफलमा जडिबुटीको व्यवसायिक खेती शुरु गरेका छन् । ११ वटा डिभिजन वन कार्यालय र २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट काष्ठजन्य ४,८५,९६९, डालेघाँस १०,७९,७०९, जडिबुटी १०,०१,०४३ र सौन्दर्यबर्धक ३,७३,२८० गरी कुल २९,४०,००१ विरुवा उत्पादन भई सार्वजनिक र नीजि क्षेत्रमा वृक्षारोपणका लागि वितरण भएका छन् ।

गण्डकी प्रदेशमा प्राकृतिकरुपमा उपलब्ध जडिबुटीको नामावली अनुसूची १२ मा उल्लेख गरिएको छ।

विगत तीन वर्षको निर्यात तथ्यांक हेर्ने हो भने नेपालबाट निर्यात हुने जडिबुटीको मूल्य परिमाण निरन्तर बढ्दो देखिएको छ (तालिका ६.४)।

नेपालका जडीबुटी प्रजातिहरू मध्ये केही प्रजातिहरूलाई नेपाल सरकारले अति उपयोगि प्रजातिका रूपमा संरक्षण र विकासका लागि प्राथमिकता दिएको छ। नेपाल सरकारले वन ऐन-२०४९ को दफा ७० (क) ले दिएको अधिकार प्रयोग गरी देहायका वन पैदावारहरूलाई देहाय बमोजिम प्रतिबन्ध लगाएको छः

१. सङ्कलन, उपयोग, बिक्रि-वितरण, ओसार-पसार र निकासीको लागि प्रतिबन्ध लगाइएका वन पैदावारहरूः

   (क) पाँचऔंले (*Dactylorhiza hatagirea*);

   (ख) ओखरको बोक्रा (*Bark of Juglans regia)*

   मिति २०६०/८/१ मा प्रकाशित नेपाल राजपत्र भाग ३ अनुसार वनस्पति विभागबाट *Neopicrorhiza scrophulariiflora* हो भनि यकिन गरी सिफारिस गरेको आधारमा वन विभागले उक्त जडीबुटीको उपलब्धता समेतलाई दृष्टिगत गरी निकासी स्वीकृति दिएको अवस्थामा बाहेक कुट्की विदेश निकासी गर्न प्रतिबन्ध गरेको छ।

२. वन विभागको स्वीकृति लिएर नेपाल अधिराज्य भित्र प्रशोधन गरी सार तत्व निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक विदेश निकासीको लागि प्रतिबन्ध लगाइएका वन पैदावारहरूः

   (क) जटामसी *(Nardostachys grandiflora)*;

   (ख) सर्पगन्धा *(Rauvolfia serpentina)*;

   (ग) सुगन्धकोकिला *(Cinnamomum glaucescens);*

   (घ) सुगन्धवाल (*Valeriana jatamansii*);

   (ङ) झ्याउ *(Lichen spp)*;

   (च) तालिसपत्र (*Abies spectabilis*);

   (छ) लौठ सल्ला (*Taxus wallichiana*)

३. वन विभागको स्वीकृति लिएर नेपाल अधिराज्य भित्र उमालेर सारतत्व निकाली उपयुक्त ढङ्गले समिश्रण गरी निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक शिलाजितलाई विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ।

४. वन विभागको स्वीकृति लिएर नेपाल अधिराज्य भित्र वाष्पिकरण र सम्वेष्ठन (*Steaming and packaging*) गरी निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक यार्सागुम्बा (*Cordyceps sinensis*) लाई विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ।

# अध्याय छ

# निर्यात भैरहेका तथा हुने सम्भावना भएका उत्पादनहरु

वस्तुहरुको विस्तृत परिमाण तथा मूल्यको एकीन तथ्यांकको अभाव रहेता पनि गण्डकी प्रदेशबाट विभिन्न उत्पदनहरुको निर्यात हुँदै आएको छ। यस प्रदेशबाट मूख्यतः हस्तकलाका सामानहरु, अलैंची, अदुवा, कफी, मह, जडिबुटी तथा केही औद्योगिक उत्पादनहरु पनि विदेश निर्यात हुँदै आएका छन् भने यहाँका केही फलफूल तरकारी जस्ता उत्पादनको बजार उत्पादनहरुले अन्य प्रदेशमा राम्रो बजार पाएको देखिन्छ। वाणिज्य नीति २०७२ ले निकासीयोग्य भनी पहिचान गरेका २६ वस्तुहरुमध्ये १४ वस्तुहरुको गण्डकी प्रदेशमा उत्पादन हुँदै आएको छ भने यी बाहेकाका अन्य वस्तुहरुको पनि उत्पादन सम्भावना रहेको देखिन्छ। वाणिज्य नीति २०७२ ले पहिचान गरेका निकासीका सम्भावना रहेका वस्तु तथा सेवाको सूची अनुसूची १३ मा प्रश्तुत गरिएको छ।

## ६.१ हस्तकलाका सामानहरु

हस्तकलाका सामानहरुलाई धातु तथा काष्ठकलाका र कपडाजन्य उत्पादनको रुपमा वर्गिकरण गर्न सकिन्छ। गण्डकी प्रदेशमा उत्पादन भई विदेशमा निर्यात हुने प्रमूख उत्पादनमा हस्तकलाका सामानहरुमा अल्लो तथा हेमबाट तयार भएका कपडाहरु, झोला तथा अन्य सामाग्रीहरु बढी छन् । कच्चा पदार्थको रुपमा कटन धागो आयात गरी राष्ट्रिय लगायत विविध जातजातीका तयारी पोशाकको निर्यात पनि हुँदै आएको छ । कच्चा धागोबाट बुनिएका झोला, रुमाल, टोपी तथा अन्य उत्पादनहरुमा वार्षिक ५ करोड भन्दा बढीको यस्ता सामानहरु निर्यात हुँदै आएको व्यवसायीहरु बताउछन् (स्थलगत सर्वेक्षण २०७७) ।

## ६.२ औद्योगिक खाद्य उत्पादनहरु

नेपालबाट निर्यात हुने औद्योगिक उत्पादनहरु ज्यादै न्यून रहेका छन् । गण्डकी प्रदेशमा उत्पादन हुँदै आएका चाउचाउ, चक्लेट, तथा दुग्ध उत्पादनहरु सानो परिमाणमा भएपनि निर्यात हुँदै आएका छन् । सुजल डेरीबाट उत्पादित घ्यु कम्पनीले गत वर्षबाट निर्यात सुरु गरेको र आगामी वर्षबाट निर्यात लक्षित उत्पादन गर्ने योजना बारे जानकारी दियो । डेरीले गत वर्षबाट १२०० लिटर घ्यु जापान निर्यात गरेको जानकारी दिएको थियो ( स्थलगत सर्वेक्षण २०७७) । त्यस्तै नेपाल राष्ट्रबैंकले २०७७ मा गरेको एक अध्ययनले पछिल्लो वर्षमा गण्डकी प्रदेशमा चक्लेट ५९८० मेट्रिक टन तथा चाउचाउ ८३१६ मेट्रिक टन उत्पादन भएको देखिन्छ ( अनुसूची १७) । यसरी उत्पादन भएको कति चाउचाउ तथा चक्लेट निर्यात भयो भन्ने एकिन तथ्यांक नभएपनि तालिका ६.१ मा प्रश्तुत निर्यातमा यी उत्पादनहरु संलग्न छन् ।

चाउचाउजन्य उत्पादनहरुको विगत तीन वर्षको निर्यातको अवस्था तालिका ७.१ मा प्रश्तुत गरिएको छ। पछिल्लो तीन वर्षमा चाउचाउजन्य (निर्यात संकेत नं १९०२) वस्तुहरुको निर्यात बढ्दो देखिएको छ। यो निर्यात समग्र नेपालको भएपनि चाउचाउजन्य उत्पादनको झण्डै ६० प्रतिशत हिस्सा गण्डकी प्रदेशमा उत्पादन हुने हुनाले यसलाई गण्डकी प्रदेशमा उत्पादन तथा निर्यात हुने वस्तुको रुपमा लिन सकिन्छ।
गण्डकी प्रदेशबाट निर्यात हुने प्रमूख औद्योगिक खाद्य उत्पादनमा चाउचाउ प्रमूख हो। नवलपूरमा उद्योग रहेको चौधरी समूहको उत्पादन  वाइवाइ चाउचाउ निर्यात भैरहेको छ। त्यस्तै गण्डकी नुडल्सको रारा तथा पोखरा नुडल्सको उत्पादन रमपम लगायतका चाउचाउ पनि विदेशमा निर्यात हुँदै आएका छन्।

**तालिका ६.१: चाउचाउजन्य (निर्यात संकेत नं १९०२) वस्तुहरुको निर्यातको अवस्था**

| क्र.सं. | उत्पादन संकेत नं. | निर्यात रु. (२०२०) | निर्यात रु. (२०१९) | निर्यात रु. (२०१८) |
|---|---|---|---|---|
| १ | १९०२११०० | २९,८६०,२९० | ५६,७८३,३६१ | ३७,५२१,७९७ |
| २ | १९०२१९०० | ७७२,७७१,५९६ | ८३७,३०७,४१६ | ६४७,९२५,०४४ |
| ३ | १९०२२००० | ३,५९३,६०२ | २,०९२,४८५ | ९,२७६,३१३ |
| ४ | १९०२३००० | ६४५,१४६,०५६ | ३२८,१४३,२९८ | २७८,६३४,३३८ |
| ५ | १९०२४००० | ५०२१२ | ३५२५०० | - |
| जम्मा | | १,४५१,४२१,७५६ | १,२२४,६७९,०६० | ९७३,३५७,४९२ |

श्रोतः व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र, २०७७

## ६.३ कफी

भौगोलिक अवस्था, हावापानी र माटोको हिसावले नेपालका मध्यपहाडी जिल्लाहरु कफीखेतीकालागि उपयुक्त क्षेत्र मानिन्छन्। नेपालमा कफीखेती ८०० मीटर देखि १ हजार ६ सय मिटरसम्मको उचाइमा रहेका गुल्मी, पाल्पा, अर्घाखाँची, ललितपुर, तनहुँ, काभ्रे, सिन्धुपाल्चोक, लमजुङ्ग, कास्की, गोरखा, स्याङ्गजा, पर्वत, वाग्लुङ्ग लगायत ३२ जिल्लाहरुमा व्यावसायिकरुपमा अरविका वर्णको टिपिका र वर्वन जातका कफीको खेती गर्ने गरिन्छ। अतः नेपालका बिषेशतः मध्यपहाडी जिल्लाहरुमा कफीखेती गरिबी निवारण, रोजगारी सिर्जना, वातावरण सुरक्षा, तथा दिगो आय आर्जन गर्ने एक लोकप्रीय खेतीको रुपमा स्थापित हुदै आएको छ। गण्डकी प्रदेशमा अन्य प्रदेशको तुलनामा कफीको उत्पादन उच्च छ। यस प्रदेशमा देशभरको् कुल उत्पादनको एकतिहाई कफी उत्पादन हुने गर्छ। आर्थिक वर्ष २०७५/७६ को तथ्यांक अनुसार देशभरमा कुल २६५० हेक्टर जमिनमा कफी खेती भएकोमा गण्डकी प्रदेशमा ९०९ हेक्टर जमिनमा कफी खेती भएको थियो।

उक्त आर्थिक वर्षमा कुल ५१२.५ मेट्रिक टन कफी उत्पादन भएकोमा ३२.४ प्रतिशत उत्पादन गण्डकी प्रदेशमा भएको थियो। यो उत्पादनको ७० प्रतिशत कफी निर्यात हुँदै आएको छ। चार्ट १ मा विगत तीन वर्षको नेपालबाट भएको कफी निर्यातको रकम देखाइएको छ।




## ६.४ अलैंची

विश्व बजारमा अलैंचीको माग उच्च छ। नेपाल, भारत तथा भुटान विश्वका धेरै अलैंची उत्पादन गर्ने मुलुकहरुमा पर्दछन्। नेपाली अलैंचीको माग विश्व बजारमा उच्च भएपनि ९० प्रतिशत भन्दा बढी नेपाली अलैंची भारतमा निर्यात भएर भारत मार्फत तेश्रो मुलुकमा जाने गर्दछ। त्यसैले उच्च सम्भावना हुँदाहुँदै पनि अलैंची नेपालले अपेक्षाकृत लाभ लिन सकेको छैन्। यस्तो परिस्थितिमा पनि सन् २०२० मा नेपालबाट ५ अर्ब रुपैंयाभन्दा बढीको अलैंची निर्यात भएको छ। अलैंची निर्यातको तीन वर्षको तथ्यांक चार्ट ३ मा प्रश्तुत गरिएको छ।



गण्डकी प्रदेशका जिल्लाहरुमा अलैंची खेती भएको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको अवस्थालाई तालिका ६.२ मा प्रशुतुत गरिएको छ । आर्थिक वर्ष २०७५/७६ मा यस प्रदेशमा कुल ९३० हेक्टर जमिनमा अलैंची खेती भएको तथा ३५३ मेट्रिक टन उत्पादन भएको देखिन्छ । २०७७ सालको साउन महिनाको मूल्यको आधारमा अलैंचीको प्रति केजी मूल्य रु. ७५० को आधारमा गण्डकी प्रदेशमा कुल २६ करोड ४७ लाख रुपैयाँ भन्दा बढीको अलैंची उत्पादन भएको देखिन्छ। कुनै समय प्रति किलो रु. २५०० सम्म पुगेको अलैंचीको मूल्य अहिले घट्दा कृषकहरु केही निराश छन् । त्यस्तै, वार्षिक झण्डै एक हजार मेट्रिक टन अलैंची उत्पादन भएपनि यहाँबाट प्रत्यक्ष निर्यात भने हुने गरेको छैन् । यहँका व्यापारीले झापा विर्तामोडका व्यापारीलाई बेच्ने र त्यहाँबाट भारत निर्यात हुने गरेको छ । यसबाट निर्यात व्यापारको प्रत्यक्ष लाभ गुमाउनु परेको संलग्न व्यवसायीहरु बताउछन् । निर्यात उत्पादन उच्च भएको अलैंची उत्पादनमा जोड दिनु पर्ने देखिन्छ। उत्पादकत्व उच्च भएका लम्जुङ, नवलपराशी, गोर्खा, कास्की, पर्वत जस्ता जिल्लाहरुमा अलैंची खेती विस्तार गर्न सकिन्छ।

**तालिका ६.२: जिल्लागत रुपमा अलैंची खेती तथा उत्पादन**

| जिल्ला | २०७४/७५ | | २०७५/७६ | | |
|---|---|---|---|---|---|
| | क्षेत्रफल.(हे.) | उत्पादन (मे.ट.) | क्षेत्रफल.(हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) |
| मनाङ | | | १ | ०.१९ | ०.१९ |
| गोर्खा | १२५ | ७१ | १०५ | ७१ | ०.६८ |
| लमजुङ | ३१४ | १८४ | ५३० | ८५ | ०.१६ |
| तनहुँ | ५ | २ | ७ | ४ | ०.५७ |
| कास्की | ४१ | २० | २० | १५ | ०.७५ |
| पर्वत | ३ | १ | ५ | ३ | ०.६० |
| स्याङ्जा | ७ | ४ | १० | ५ | ०.५२ |
| म्याग्दी | १० | ५ | ९२ | ४७ | ०.५१ |
| बाग्लुङ | ६५ | २५ | ७० | ३५ | ०.५० |
| नवलपराशी | | | ९० | ८८ | ०.९८ |
| जम्मा | ५७१ | ३१३ | ९३० | ३५३ | ०.३८ |

श्रोतः कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६

## ६.५ अदुवा

निर्यात सम्भावना उच्च भएको मसलाबालीमा अदुवा पनि एक हो । विगत तीन वर्षको अदुवा निर्यात मूल्य घट्दो देखिएता पनि भारतसँग व्यापार जटिलता सम्वोधन हुने हो भने अदुवा निर्यात बढ्ने देखिन्छ। आर्थिक वर्ष २०७४/७५ मा ६४ करोड रुपैयाँभन्दा बढीको अदुवा निर्यात भएकोमा २०७६/७७ मा रु.३७ करोडको अदुवा निर्यात भएको छ।

**चार्ट ३: अदुवा निर्यातको अवस्था (रु. दशलाखमा)**




श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

गण्डकी प्रदेशमा अदुवा उत्पादनको अवस्था उच्च रहेको छ। आर्थिक वर्ष २०७५/७६ मा प्रदेशका ९ जिल्लामा ४०३८ हेक्टर जमिनमा अदुवा खेती भएकोमा ३६६४४ मेट्रिक टन उत्पादन भएको देखिन्छ। २०७७ साउन महिनाको मूल्य प्रति केजी रु. ९५ को आधारमा गण्डकी प्रदेशमा ३ अर्ब ४५ करोड रुपैयाँ भन्दा बढीको अदुवा उत्पादन भएको देखिन्छ। जिल्लागत रुपमा हेर्दा कास्की तथा नवलपरासीमा अदुवा खेती तथा उत्पादन उच्च छ। बाग्लुङ, गोर्खा, तनहुँ जिल्लामा अदुवाको उत्पादकत्व उच्च देखिन्छ। गण्डकी प्रदेशका जिल्लाहरुको अदुवा खेती, उत्पादन र उत्पादकत्वको अवस्थालाई तालिका ६.३ मा प्रश्तुत गरिएको छ।

**तालिका ६.३: गण्डकी प्रदेशमा जिल्लागत अदुवा खेती तथा उत्पादनको स्थिति**

| जिल्ला | २०७४/७५ | | २०७५/७६ | | |
|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | उत्पादन (मे. ट.) | क्षेत्रफल (हे.) | उत्पादन (मे. ट.) | उत्पादकत्व (मे.ट./हे.) |
| गोर्खा | ११९ | १,२५७ | ११७ | २३६५ | २०.२१ |
| लमजुङ | २०८ | १,९०७ | २०५ | २२३५ | १०.९० |
| तनहुँ | ६०५ | ७,७६७ | ५१० | ७३८० | १४.४७ |
| कास्की | १,६६५ | १३,३६४ | ६४३ | ५१४९ | ८.०१ |
| पर्वत | ३६ | ४५० | ३६ | ४५५ | १२.६४ |
| स्याङ्जा | ६६१ | ७,१८६ | ५६० | ५८०० | १०.३६ |
| म्याग्दी | ३६ | २८३ | ३७ | २९७ | ८.०३ |
| बाग्लुङ | ८० | १,१४८ | ८० | २१५२ | २६.७७ |
| नवलपरासी (पूर्व) | १,१३० | ११,६३१ | ८५० | ८८११ | १०.३७ |
| जम्मा | ४,५४० | ४४,९९२ | ३०३८ | ३४६४४ | ११.४० |

श्रोतः कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६

## ६.६ ऊन तथा पश्मिनाका सामानहरु

गण्डकी मूलत पहाडी तथा हिमाली क्षेत्रको बाहुल्य भएको प्रदेश हो । यहाँका भौगोलिक अवस्थिति तथा हावापानी भेडा, च्यांग्रा, चौरी तथा खरायो पालनको लागि उपयुक्त मानिन्छ। यी जनावरबाट प्राप्त हुने उन तथा उनबाट बन्ने उत्पादनहरु आन्तरिक बजार खपत तथा निर्यातको उच्च सम्भावना भएका वस्तुहरु हुन । उच्च सम्भावना हुँदहुँदै पनि यस क्षेत्रमा भेडा, चौरी तथा खरायो पालनलाई प्रोत्साहन गर्न सकिएको स्थिति छैन् ।

आर्थिक वर्ष २०७५/७६ मा कुल ६४२५४ केजी उन उत्पादन भएको तथ्यांक छ। २०७७ साल साउन महिनामा प्रतिकेजी कच्चा उनको बिक्री मूल्य रु. १४००० प्रति केजीको आधारमा गण्डकी प्रदेशमा झण्डै ९० करोड रुपैयाँको उन उत्पादन भएको देखिन्छ। आर्थिक वर्ष २०७४/७५ मा भन्दा २०७५/७६ मा उनको उत्पादन घट्दो देखिएको छ।

जिल्लागत रुपमा यी जनावरहरु पालनको स्थिति र उनको उत्पादन अनुसूची १० मा प्रश्तुत गरिएको छ। यी जनावरको पालनसँगै उनको उत्पादन बढाउन सक्ने हो भने आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा ठूलो टेवा पुग्ने देखिन्छ।

**तालिका ६.४: गण्डकी प्रदेशका जिल्लाहरुमा विगत तीन वर्षको ऊन उत्पादनको स्थिति**

| जिल्ला | उन उत्पादन (के.जी.) | | |
|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| मनाङ | ४३५४ | ४,५६९ | २०४० |
| मुस्ताङ | ४८७७ | ४,७८४ | ५१०७ |
| गोर्खा | २२१११ | २२,५८६ | १३८२८ |
| लमजुङ | ११८५९ | १२,०२० | ११२७४ |
| तनहुँ | ४०७ | ६१३ | ६०४ |
| कास्की | १२१९७ | १४,४३५ | १०२३८ |
| पर्वत | ४०७९ | ४,०९७ | ३९०३ |
| स्याङ्जा | १५८० | १,७८६ | १७१६ |
| म्याग्दी | ७४११ | १६,५३३ | ६९३५ |
| बाग्लुङ | ५०९० | ६,४४८ | ५५९८ |
| नवलपरासी (पूर्व) | २९१८ | ३,४०२ | ३०११ |
| जम्मा | ७६८८३ | ९१,२७३ | ६४२५४ |

श्रोतः कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

नेपालबाट निर्यात हुने प्रमूख वस्तु मध्ये पश्मिना एक हो । विगत तीन वर्षको तथ्यांक हेर्ने हो भने पश्मिनाको निर्यात २ अर्ब ५० करोड रुपैयाँ हारहारीमा भएको देखिन्छ । गण्डकी प्रदेश पश्मिना उत्पादनको कच्चा पदार्थको सम्भावना भएको क्षेत्र हो ।

**चार्ट ४: पश्मिनाका सामानहरु निर्यातको अवस्था (रु. दशलाख)**




श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०२०

## ६.७ जडिबुटीहरु

निर्यात तथा व्यापार प्रवर्द्धन केन्द्र नेपालका अनुसार आर्थिक वर्ष २०७६/७७ मा झण्डै दुई अर्ब बराबरको जडिबुटी निर्यात भएको तथ्यांक छ। तर जडिबुटीको व्यापार अनौपचारिक तथा गैरकानूनी तवरबाट धेरै हुने गरेको विज्ञहरु बताउछन् । जर्मन सहयोग संस्था (GIZ) र नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघले सन् २०१६ मा सार्वजनिक गरेको प्रतिवेदन अनुसार नेपालबाट वार्षिक झण्डै तीन अर्बभन्दा बढीको जडिबुटी निर्यात भएको तथ्यांक प्रश्तुत गरेको थियो ।

**तालिका ६.५: केही जडिबुटीको निर्यातको अवस्था**

| जडिबुटी | उत्पादन संकेत नं. | निर्यात (रु.) सन् २०२० | निर्यात (रु.) सन् २०१९ | निर्यात (रु.) सन् २०१८ |
|---|---|---|---|---|
| यार्सागुम्बा | १२११९०१० | १५०,०४५,७२१ | २१६,९७३,७४९ | १४८,६८०,८८६ |
| औषधीजन्य तथा बास्नादार जडिबुटी | १२११९०९० | १,६००,९३८,२८२ | १,०२२,८६२,३८५ | १,३४४,०२२,१७८ |
| औषधीजन्य तथा बास्नादार जडिबुटी | १२११९००० | २०,२८९,३७८ | १००,७१५,४८७ | ५३,८७०,२१७ |
| च्याऊ प्रजाती | ०७०९५१०० | ४,९०३,०८० | १३६,३०० | ८,६६९,३९८ |
| च्याउ सुकेको (ट्रफल) | ०७०९५९०० | २३४९६० | - | - |
| जम्मा | | १,७७६,४११,४२१ | १,३४०,६८७,९२१ | १,५५५,२४२,६७९ |

श्रोतः निकासी तथा व्यापार प्रवर्द्धन केन्द्र, २०७७

आर्थिक वर्ष २०७६/७७ मा गण्डकी प्रदेशबाट व्यापार भएका प्रमूख जडिबुटीहरुमा यार्सागुम्बा १३ करोड ३९ लाख रुपैयाँ, काकोली २ करोड ३९ लाख रुपैयाँ, सतुवा १ करोड ६३ लाख रुपैयाँको व्यापार भएको देखिन्छ। त्यस्तै, मुसली: ७.२ टन, दालचिनी: ५.९ टन, बुधनी फुल: ४.७ टन, तेजपात: ४.२ टन र चिराइतो: ३.५ टन व्यापार भएको देखिन्छ। यी पाँच जडिबुटीहरुको कुल व्यापार १८ करोड रुपैंमा भन्दा बढी रहेको मन्त्रालयको २०७६/७७ को प्रगती प्रतिवेदनमा उल्लेख छ। यी बाहेक कुटकी, निरमसी, चिराइतो र तेजपात बिगत १० बर्षदेखि लगातार व्यापारमा रहेका छन्। कुल ६ वटा प्राथमिकीकरणका आधारहरु (व्यापारमा रहेको बर्ष, व्यापार परिमाण, कुल व्यापारिक मूल्य, नेपाल सरकारको प्राथमिकीकरण, मूल्य अभिबृद्धीको संभावना र स्थानीय उपलब्धता) को आधारमा गण्डकी प्रदेशका प्राथमिकता प्राप्त १० जडीबुटीहरुमा तेजपात, चिराइतो, कुरिलो, कुटकी, सतुवा, सुगन्धवाल, मजिठो, जटामसी, विषजरा र यार्सागुम्बा रहेका छन्। यी लगायत गण्डकी प्रदेशमा प्राकृतिक रुपमा उपलब्ध हुने जडिबुटी, तिनको स्थानीय तथा वैज्ञानिक नाम, प्रयोजन आदिको विवरण अनुसूची १२ मा उल्लेख गरिएको छ।

## ६.८ स्याउ

नेपालमा नै उत्पादन सम्भावना अत्याधिक भएर पनि आयात उच्च भएको एक कृषि उपज हो स्याउ। विगत तीन वर्षमा कुल १५ करोड भन्दा बढीको स्याउ आयात भएको तथ्यांक छ भने निर्यात २०७५ मा ५ लाख रुपैयाँ भन्दा कमको स्याउ निर्यात भएको देखिन्छ। त्यस पछिका वर्षहरुमा निर्यात शुन्य छ।

**चार्ट ५: स्याउ निर्यात तथा आयातको अवस्था (रु. दशलाखमा)**



गण्डकी प्रदेशका ६ जिल्लाहरुका ६३२ हेक्टर जमिनमा स्याउ खेती हुँदै आएको छ भने आर्थिक वर्ष २०७५/७६ मा ७४५० मेट्रिक टन स्याउ उत्पादन भएको देखिन्छ। २०७७ साउनको मूल्य रु. १८० प्रतिकेजी मूल्यको आधारमा यस प्रदेशमा १ अर्ब ३४ करोड रुपैयाँभन्दा बढीको स्याउ उत्पादन भएको देखिन्छ। मुस्ताङ, मनाङ, म्याग्दी तथा गोर्खा जिल्लाहरुमा स्याउ उत्पादनको उच्च सम्भाव्यता भएपनि कृषकहरुलाई आकर्षित गर्न सकिएको छैन।

गण्डकी प्रदेशको सन्दर्भमा स्याउ खेती प्रवर्द्धन गर्न सक्ने हो भने आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको लागि स्याउ एक उच्च सम्भावना भएको उत्पादन हो।

**तालिका ६.६: गण्डकी प्रदेशका जिल्लाहरुमा स्याउ खेती तथा उत्पादनको स्थिति**

| जिल्ला | २०७४/७५ | | २०७५/७६ | | |
|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | उत्पादन (मे. ट.) | क्षेत्रफल (हे.) | उत्पादन (मे. ट.) | उत्पादकत्व (मे.ट./हे.) |
| गोरखा | ३८ | १६५ | ४१ | १९२ | ४.७ |
| लमजुङ | ५ | ३६ | ८ | ५८ | ७.३ |
| कास्की | | | ३ | १५ | ५.० |
| मनाङ | १०४ | १२५३ | १०५ | १३१२ | १२.५ |
| मुस्ताङ | ४१५ | ५१८८ | ४४५ | ५७२५ | १२.९ |
| म्याग्दी | ६ | ३० | ४ | २४ | ५.९ |
| बाग्लुङ | २५ | १२६ | २६ | १२२ | ४.७ |
| **जम्मा** | ५९३ | ६७९६ | ६३२ | ७४५० | ११.८ |

श्रोतः कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६

## ६.९ सुन्तला तथा मौसम

फलफूल अन्तर्गत सुन्तला तथा मौसमको उत्पादन गण्डकी प्रदेशका ९ वटा जिल्लाहरुमा हुने गर्दछ। आर्थिक वर्ष २०७५/७६ मा कुल ४९८० हेक्टर जमिनमा सुन्तला खेती हुँदै भएको थियो भने वार्षिक उत्पादन ५२४७८ मेट्रिक टन उत्पादन भएको देखिन्छ। त्यस्तै यस प्रदेशमा ५९६ हेक्टर क्षेत्रफलमा ५३३९ मेट्रिक टन मौसम उत्पादन भएको देखिन्छ। सुन्तला तथा मौसमको उत्पादन प्रवर्द्धन गर्न सके अन्तर्राष्ट्रिय बजारमा निर्यात सम्भावना उच्च रहेको छ। ताजा फलफूल तथा जुश उत्पादन गरी निर्यात गर्न सकिन्छ। सुन्तला तथा मौसम उत्पादनको जिल्लागत स्थिति तालिका ६.५ र ६.६ मा प्रशुतुत गरिएको छ।

**तालिका ६.७: गण्डकी प्रदेशका जिल्लाहरुमा सुन्तला खेती र उत्पादनको स्थिति**

| जिल्ला | २०७४/७५ | | २०७५/७६ | | |
|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | क्षेत्रफल (हे.) | उत्पादन(मे.ट.) | उत्पादकत्व (मे.ट/हे) |
| गोर्खा | ८५९ | ९,३९९ | ९०० | १०,११५ | ११.२४ |
| लमजुङ | १०१ | १,००४ | १५० | १,८९५ | १२.६३ |
| तनहुँ | १,०११ | ९,६८२ | १,००४ | ९,६८५ | ९.६४ |
| कास्की | ५२४ | ५,६९३ | ६१८ | ६,८१७ | ११.०३ |
| पर्वत | ३८७ | ३,८५० | ३९० | ३,९३० | १०.०८ |
| स्याङजा | १,२८३ | १४,०७३ | १,३४७ | १४,७७६ | १०.९७ |
| म्याग्दी | २०३ | १,५८३ | २६० | २,०६० | ७.९२ |
| बाग्लुङ | २०४ | २,११४ | २४५ | २,५५० | १०.४१ |
| नवलपराशी पूर्व | ५६ | ५२७ | ६६ | ६५० | ९.८५ |
| **जम्मा** | ४,६२७ | ४७,९२६ | ४,९८० | ५२,४७८ | १०.५४ |

श्रोतः कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६

**तालिका ६.८: गण्डकी प्रदेशका जिल्लाहरुमा मौसम खेती र उत्पादनको स्थिति**

| जिल्ला | २०७४/७५ | | २०७५/७६ | | |
|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | उत्पादन.(मे. ट.) | क्षेत्रफल (हे.) | उत्पादन.(मे. ट.) | उत्पादकत्व (मे.ट/हे) |
| गोर्खा | ३३ | २६९ | ४० | ३४२ | ८.५५ |
| लमजुङ | २८ | २६४ | ३२ | २९७ | ९.२८ |
| तनहुँ | ३५ | ३१३ | ३७ | ३२९ | ८.८९ |
| कास्की | ३ | २८ | ४ | ४० | १०.०० |
| पर्वत | ३८२ | ३,२१७ | ३८५ | ३,५०० | ९.०९ |
| स्याङजा | १९ | १८५ | २१ | २३१ | ११.०० |
| म्याग्दी | ४५ | ३४४ | ६० | ४५२ | ७.५३ |
| बाग्लुङ | १३ | ४७ | १६ | १३५ | ८.४४ |
| नवलपराशी पूर्व | - | - | १ | १३ | १३ |
| **जम्मा** | ५५८ | ४,६६७ | ५९६ | ५,३३९ | ९.०१ |

श्रोतः कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६

## ६.१० मह

नेपालमा उत्पादित महको अन्तर्राष्ट्रिय बजार राम्रो छ। गण्डकी प्रदेशका ९ जिल्लामा व्यवसायिक मौरी पालनको सम्भावना रहेको छ। त्यसोत नेपालबाट मह निर्यात हुँदै आएपनि कुन प्रदेशबाट कति मह निर्यात भएको छ भन्ने तथ्यांक छैन्। चार्ट ६ मा विगत तीन वर्षमा नेपालबाट निर्यात भएको महको तथ्यांक प्रस्तुत गरिएको छ।

**चार्ट ६: मह निर्यातको अवस्था (रु. दश लाखमा)**




श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०२०

## ६.११ चिया

चिया नेपालबाट उत्पादन हुदै आएको र विश्व बजारमा राम्रो निर्यात सम्भावना भएको उत्पादन हो। नेपालमा चिया उत्पादनको लागि प्रदेश १ प्रशिद्ध भएपनि पछिल्ला वर्षहरुमा गण्डकी प्रदेश लगायत अन्य क्षेत्रहरुमा पनि चिया खेती हुँदै आएको छ। हालै गण्डकी प्रदेशको कास्कीमा अर्थोडक्स चिया खेती सुरु भएको छ। हालसम्म नेपालका इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, सिन्धुपाल्चोक, कास्की गरी ६ जिल्लामा अर्थोडक्स चिया खेती भएको छ। यो चिया सामुद्रिक सतहबाट ३००० देखी ७००० फिट उचाइका पहाडी क्षेत्रहरुमा राम्रो उत्पादन हुन्छ। गण्डकी प्रदेशको हकमा चियालाई उत्पादन तथा निर्यात सम्भावना उच्च भएको कृषिवस्तुको रुपमा लिन सकिन्छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डले गण्डकी प्रदेशका मनाङ र मुस्ताङ बाहेकका ९ जिल्लाका कुल २३१,२७४ हेक्टर जमिनमा चिया खेती सम्भावना भएको उल्लेख गरेको छ।

**तालिका ६.९: चिया खेती सम्भावना भएका गण्डकी प्रदेशका जिल्लाहरु**

| क्र.सं. | जिल्ला | चिया खेती सम्भावना भएको क्षेत्रफल (हेक्टर) | | | |
|---|---|---|---|---|---|
| | | ठीकै | राम्रो | अति राम्रो | जम्मा |
| १ | गोर्खा | २२९१७ | ७७४५ | १७३६ | ३२३९८ |
| २ | तनहुँ | १५१०८ | ३३९३ | १२० | १८६२१ |
| ३ | म्याग्दी | २५१२ | १७७४ | ५९४ | ४८८० |
| ४ | लम्जुङ | १३३२७ | ८४९३ | १९१७ | २३७३७ |
| ५ | कास्की | १२९९१ | ६६५२ | ३ | १९६४६ |
| ६ | बाग्लुङ | १०३५७ | ८४०५ | ३९८६ | २२७४८ |
| ७ | पर्वत | १३४७० | ५६७२ | ७७२ | १९९१४ |
| ८ | स्याङ्जा | २५३६९ | ११६७७ | १६६३ | ३८७०९ |
| ९ | नवलपुर | ५७३३ | २००७ | ३८३ | ८१२३ |

श्रोतः राष्ट्रिय चिया कफी बोर्ड, नेपाल

चार्ट सातमा विगत तीन वर्षको देशबाट भएको चिया निर्यातको अवस्था देखाइएको छ।

**चार्ट ७: चिया निर्यातको अवस्था (रु. दशलाखमा)**




श्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

# अध्याय सात
# निष्कर्ष तथा सुझाव

## ७.१ निश्कर्ष

देशको समस्या मध्ये एक प्रमूख समस्या व्यापार घाटा पनि एक हो । कुल व्यापारको ९४ प्रतिशत आयात व्यापारले ओगटेको छ भने ६ प्रतिशत मात्र निर्यात व्यापारको हिस्सा रहेको छ । गण्डकी प्रदेशको अवस्था पनि यो भन्दा खासै फरक छैन् । व्यापारघाटालाई कम गर्न वा नाफाको अवस्थामा पुऱ्याउन आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र तुलनात्मक लाभका वस्तु उत्पादनमा जस्ता उपायहरु अवलम्बन गरिनु पर्दछ ।

### ७.१.१ अन्तर प्रदेश व्यापार सम्भावना

यस खण्डमा मूलतः खाद्यान्न, फलफूल तथा तरकारीको उत्पादन, प्रतिव्यक्ति उपभोग र प्रदेश भित्रको उत्पादनले बचत तथा अपुगको अवस्था उल्लेख गरिएको छ । अन्तर प्रदेश व्यापार सम्भावनाको गणनाको लागि वार्षिक उत्पादन तथा उपभोगको गणना गरिएको छ । केन्द्रीय तथ्यांक विभागको अनुसार प्रतिव्यक्ति प्रतिवर्ष उपभोगको आधारमा वार्षिक आवश्यकता तथा प्रदेशमा हुने वार्षिक उत्पादन तुलना गरी केही प्रमूख खाद्यान्न, दलहन, फलफूल तथा तरकारीको पुगअपुगको स्थिति लाई तालिका ७.१ र ७.२ मा प्रश्तुत गरिएको छ । त्यसोत तथ्यांक विभागले गरेको अध्ययनमा उल्लेखित प्रतिवर्ष प्रतिव्यक्ति उपभोग नेपालीले औषत रुपमा उपभोग गर्ने विभिन्न किसिमका खाद्यान्नको आधारमा गणना गरिएको हो न कि प्रतिव्यक्ति आवश्यक क्यालोरीको लागि खान पर्ने परिमाणको बारे र नेपालीको खाने बानी बारे खाद्यविज्ञहरुले आलोचना गर्दै खाने बानीमा परिवर्तन गर्नुपर्ने कुरामा जोड दिँदै आएका छन् ।

खाद्य बालीहरुको सन्दर्भमा चामल तथा दाल बाहेक अन्य उत्पादनहरु बचतको अवस्थामा रहेको देखिन्छ । यसका आधारमा मकै, गहुँ, कोदो, फापर, जौ तथा आलुलाई अन्तर प्रदेश व्यापारको सम्भावना भएका वस्तुका रुपमा लिन सकिन्छ । यी खाद्य बालीहरुलाई सोझै वा यी खाद्यान्नबाट विविध सम्भावना भएका तयारी खाद्य उत्पादनहरु निर्माण गरी अन्य प्रदेश तथा विदेशमा समेत निर्यात गर्न सक्ने सम्भवना रहेको छ ।

**तालिका ७.१: केही प्रमूख खाद्यबाली, दलहन तथा आलुको उत्पादन, उपभोग तथा तिनको बचत तथा अपुगको स्थिति**

| खाद्यान्न | वार्षिक उत्पादन (के.जी.) | वार्षिक उपभोग (केजी प्रतिवर्ष प्रति व्यक्ति) | वार्षिक उपभोगको लागि आवश्यक (के.जी.) | उत्पादनले बचत तथा अपुग परिमाण (के.जी.) |
|---|---|---|---|---|
| चामल* | २५६६१३४०० | १०९ | २७६७४५६५९ | -२०१३२२५९ |
| मकै | ४२३३१०००० | १७.६ | ४४६८५५३८ | ३७८६२४४६२ |
| गहुँ | ९३४३३००० | २१.२ | ५३८२५७६१ | ९३१७९१०५ |
| कोदो | ९९७४१००० | ३.५ | ८८८६३२८ | ४५९१५२३९ |
| फापर | २६४२००० | ०.१ | २५३८९५ | -६२४४३२९ |
| जौ | २५९९००० | ०.१ | २५३८९५ | २३४५१०५ |
| दाल | २०८९८००० | ९.६ | २४३७३९३० | -३४७५९३० |
| आलु | २०४७१८०००० | २९.९ | ७५९१४६३५ | १२८८०३३६५ |

*श्रोतः केन्द्रीय तथ्यांक विभाग, कृषि मन्त्रालय, (केन्द्रीय तथ्यांक विभागको प्रक्षेपण अनुसार २०७७ सालको गण्डकी प्रदेशको अनुमानित जनसंख्या २५३८९५१ को लागि गणना गरिएको)* * धानबाट ६० प्रतिशत चामल उत्पादन हुने धान मिल व्यवसायीका अनुसार गणना गरिएको

केही फलफूल तथा तरकारीको उत्पादन र उपभोगको आधारमा हेर्दा स्याउ तथा प्याज बाहेका अन्यमा गण्डकी प्रदेश बचतमा रहेको देखिन्छ। यस प्रदेशमा उत्पादन हुने सुन्तला, मौसम जस्ता फलफूलहरु भण्डारणको लागि उचित व्यवस्था गर्न सके अन्तर प्रदेश व्यापार तथा ताजा फलफूल निर्यात तथा जुश उत्पादन गरी निर्यात सम्भावना देखिन्छ। त्यस्तै काउली तथा गोलभेडाको अन्तर प्रदेश व्यापार सम्भावना उच्च छ।

**तालिका ७.२: केही फलफूल तथा तरकारी उत्पादन, उपभोग तथा तिनको बचत तथा अपुगको स्थिति**

| फलफूल तथा तरकारी | वार्षिक उत्पादन (के.जी.) | वार्षिक उपभोग (केजी प्रतिवर्ष प्रति व्यक्ति) | वार्षिक उपभोगको लागि आवश्यक (के.जी.) | उत्पादनले बचत तथा अपुग परिमाण (के.जी.) |
|---|---|---|---|---|
| जुशयुक्त फलफूल | ५७४२०००० | ४.२ | १०६६३५९४ | ४६७५६४०५.८ |
| स्याउ | ६७९६००० | ३.३ | ८३७८५३८.३ | -१५८२५३८.३ |
| केरा | २२९०५००० | ३.९ | ९९०१९०८.९ | १३००३०९१.१ |
| आँप | ५८६३००० | २.२ | ५५८५६९२.२ | २७७३०७.८ |
| काउली | २९८७४००० | १०.८ | २७४२०६७१ | २४५३३२९.२ |
| गोलभेडा | २५०१२००० | ९.५ | २४१२००३५ | ८९१९६५.५ |
| प्याज | ९०३३००० | ९ | २२८५०५५९ | -१३८१७५५९ |

*मूल्य आधारमा गणना गरिएको

*श्रोतः केन्द्रीय तथ्यांक विभाग, कृषि मन्त्रालय, (केन्द्रीय तथ्यांक विभागको प्रक्षेपण अनुसार २०७७ सालको गण्डकी प्रदेशको अनुमानित जनसंख्या २५३८९५१ को लागि गणना गरिएको)*

कृषि उत्पादन बाहेक गण्डकी प्रदेशका केही औद्योगिक उत्पादनहरुको पनि अन्तर प्रदेश व्यापार तथा निर्यात सम्भावना रहेको देखिन्छ। यस प्रदेशमा उत्पादन हुने तोरीको तेल (२६७० मेट्रिक टन), प्रशोधित दुध (३८

लाख लिटर), चक्लेट (५९८० मेट्रिक टन), चाउचाउ (८३१६ मेट्रिक टन), बिस्कुट (६८०० मेट्रिक टन), बियर (६ करोड लिटर), चुरोट (झण्डै ३ अर्ब खिल्ली), ईँटा (५८ लाख गोटा) तथा सिमेन्ट (६२१११३५ मेट्रिक टन) आदि उत्पादनले अन्तर प्रदेश व्यापारमा राम्रो हिस्सा ओगटेका छन् ।

### ७.१.२ उच्च निर्यात सम्भावना भएका वस्तुहरु

गण्डकी प्रदेशमा उत्पादन हुने केही कृषि उपज तथा अन्य उत्पादनहरुको आन्तरिक बजारसँगै निर्यात सम्भावना पनि उच्च छ । यी उत्पादनहरुमा अलैंची, अदुवा, उन र उनबाट बनेका उत्पादनहरु, मह, चिया, कफी तथा हस्तकलाका सामानहरुको उच्च निर्यात सम्भवना रहेको छ । यी वस्तुहरुको उत्पादन बढाउन सक्ने हो भने अन्तर्राष्ट्रिय बजारमा यी वस्तुहरुको माग पहिल्यै उच्च छ ।

निर्यात हुँदै आएता पनि जडिबुटीको निकासी व्यापारलाई व्यवस्थित गर्नु पर्ने आवश्यक देखिन्छ । त्यस्तै मनाङ तथा मुस्ताङमा उत्पादन हुने स्याउ, सुन्तला तथा मौसम जस्ता फलफूल पनि सही किसिमबाट मार्केटिङ गर्न सक्ने हो भने अन्तर्राष्ट्रिय बजारको सम्भावना रहेको छ ।

पोखरेली बासमती, जेठोबूढो जस्ता चामलहरु पनि निकासी सम्भावना भएर पनि उपयुक्त ब्रान्डिङ तथा बजारीकरणको अभावमा निकासी प्राथमिकतामा पर्न सकेका छैनन् ।

नेपालबाट निर्यात हुने प्रमूख वस्तुहरुमा जनावरका छालाबाट बनेका उत्पादनहरु पनि हुन । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले निर्यात लक्षित छालाबाट सामानहरु बनाउने २४ उद्योगहरुलाई सूचीकृत गरेको छ । तर तिनमा गण्डकी प्रदेशका नभएकाले स्थानीय रुपमा उपलब्ध हुने छाला र यसबाट उत्पादन गर्न सकिने सामानहरु सम्भावनाका क्षेत्रहरु हुन ।

पिउने पानी तथा जलविद्युतको निकासी पनि बहसमा आएका र निर्यात सम्भावना भएका वस्तुहरु हुन् । तर अहिले नै यी वस्तुहरु निर्याको आधार नरहे पनि भविष्यमा भने यिनको निर्यात सम्भावनालाई नकार्न सकिन्न ।

**तालिका ७.३: निर्यात हुँदै आएका र निर्यात सम्भावना भएका भएका वस्तुहरुः**

| क्र.सं | वस्तुहरु | उत्पादन परिमाण | उत्पादन तथा व्यापार विस्तार सम्भावना |
|---|---|---|---|
| **निर्यात हुँदै आएका र उत्पादन वृद्धि गर्न सके बजार तुलनात्मक रुपमा उच्च भएका वस्तुहरुः** | | | |
| १. | हस्तकलाका सामानहरु | अल्लो, हेम तथा कटनबाट बनेका कपडाका सामानहरु वार्षिक ५ करोड रुपैयाँ भन्दाबढीको उत्पादन र निर्यात हुँदै आएको । | साना व्यवसायीहरु मात्र संलग्न हुँदै आएकामा हाल ठूला व्यवसायीहरु पनि आकर्षित । |
| २. | अलैंची | वार्षिक ३५३ मेट्रिक टन उत्पादन (२६ करोड ४७ लाख) | वार्षिक एक हजार मेट्रिक टन भन्दा बढी उत्पादन सम्भावना भएको |
| ३. | अदुवा | ३६६४४ मेट्रिक टन उत्पादन (३ अर्ब ४५ करोड रुपैयाँ ) | ९ जिल्लामा ४०३८ हेक्टर जमिनमा अदुवा खेती हुदै आएको र उत्पादन सम्भावना भएको |

| क्र.सं | वस्तुहरु | उत्पादन परिमाण | उत्पादन तथा व्यापार विस्तार सम्भावना |
|---|---|---|---|
| ४. | कफी | ५१२.५ मेट्रिक टन (रु. २१ करोड ८० लाख ) | ८ जिल्लाको २६५० हेक्टर जमीनमा खेती हुँदै आएको र खेती बिस्तारको सम्भावना |
| ५. | उन | कुल ६४२५४ केजी उन उत्पादन (रु. ९० करोड रुपैयाँ) | मनाङ, मुस्ताङ, गोर्खा र लम्जुङ जिल्लामा उत्पादन वृद्धिको उच्च सम्भवना |
| ६. | जडिबुटी | ५६.१७ मेट्रिक टन (रु. २० करोड ६२ लाख) | प्राकृतिक रुपमा वनबाट संकलन तथा करीब ५ हजार रोपनीमा व्यवसायिक खेती सुरु भएको। संकलन तथा व्यापारलाई कानूनी दायारामा ल्याउन आवश्यक |
| ७. | चाउचाउ | ७० करोड भन्दा बढीको निर्यात हुँदै अएको | |
| ८. | मह | झण्डै १ करोडभन्दा बढीको निर्यात हुदै आएको | ९ जिल्लामा व्यवसायिक उत्पादन हुँदै आएको तथा जंगली मह संकलन पनि  हुँदै आएको। अन्तर प्रदेश तथा निर्यात व्यापार सम्भावना उच्च |
| **अन्तर प्रदेश व्यापार तथा निर्यात सम्भावना भएका वस्तुहरु** | | | |
| १. | स्याउ | ७४५० मेट्रिक टन उत्पादन | गण्डकी प्रदेशका ६ जिल्लाहरुका ६३२ हेक्टर जमिनमा स्याउ खेती हुँदै आएको तथा मनाङ, मुस्ताङ र गोर्खामा खेती विस्तारको सम्भावना |
| २. | सुन्तला | वार्षिक ५२४७८ मेट्रिक टन उत्पादन | कुल ४९८० हेक्टर जमिनमा खेती हुदै आएको र उत्पादन वृद्धिको उच्च सम्भावना |
| ३. | मौसम | वार्षिक ५३३९ मेट्रिक टन उत्पादन | कुल ५९६ हेक्टर जमिनमा खेती हुदै आएको र उत्पादन वृद्धिको उच्च सम्भावना |
| ४. | चिया | हालैका वर्षहरुमा चिया खेती र उत्पादन सुरु भएको। | मनाङ र मुस्ताङ बाहेकका ९ जिल्लाका कुल २३१,२७४ हेक्टर जमिनमा चिया खेती सम्भावना |

## ७.२ सुझाव

- प्रदेशगत उत्पादन र उपभोगको तुलना गर्दा खाद्यबालीमा चामल, फापर र दाल बाहेक मकै, कोदो, गहुँ, आलु आदि बचतमा देखिन्छ। यी उत्पादनहरु अन्तरप्रदेश व्यापारिक वस्तुको रुपमा लिन सकिन्छ। त्यस्तै यी वस्तुहरुमा आधारित उद्योगहरु निर्माणमा जोड दिने हो भने अतिरिक्त नाफा आर्जन गर्ने आधार बन्न सक्छ। चामल अपुग देखिएको सन्दर्भमा भने नेपालीहरुको खाने बानी प्रमूख रहेको बताइन्छ। खाने बानी र प्रमूख खाद्य पदार्थको रुपमा रहेको चामल बाहेकका अन्य खाद्य उत्पादनलाई प्रमूख खाद्य वस्तुको रुपमा प्रयोग गर्ने बानी बसाल्ने हो भने चामल अपुगको अवस्था कम गर्न सकिन्छ। त्यस्तै धानको उत्पादकत्व उच्च भएका नवलपरासीमा धान खेतीमा अझै जोड दिने हो भने व्यापार घाटा कम गर्न सहयोग पुऱ्याउछ।

- गण्डकी प्रदेशमा कोदो तथा मकैको उत्पादन तथा बचत दुवै उच्च देखिन्छ। यसको बजारीकरण तथा यसमा आधारित तयारी उत्पादनमा जोड दिने हो भने राम्रो आम्दानीको श्रोत बन्छ।

- निर्यात सम्भवना उच्च भएका अदुवा, अलैंची, जस्ता कृषिवस्तुहरुको उत्पादन वृद्धि कार्यक्रम ल्याउनु आवश्यक देखिन्छ।
- अदुवाको उत्पादकत्व उच्च भएका बाग्लुङ, गोर्खा, तनहुँ जिल्लाहरुमा अदुवा उत्पादनलाई प्रोत्साहन गर्नुका साथै भण्डारणको उचित व्यवस्था गर्नुपर्ने देखिन्छ।
- अलैंचीको उत्पादकत्व उच्च भएका नवलपरासी, कास्की, गोर्खा, तनहुँ आदि जिल्लाहरुमा अलैंची खेती प्रोत्साहनका साथै प्रोसेसिङका प्रविधिहरु भित्राउनु पर्ने देखिन्छ।
- स्थानीय कच्चा पदार्थ प्रयोग गरी तयार गरिने अल्लो, हेम लगायतका उत्पादनहरुको बजारीकरण र ब्राण्डिङमा जोड दिनु आवश्यक देखिन्छ।
- गण्डकी प्रदेशबाट निर्यात हुँदै आएका हस्तकलाको सामानहरुको बजार मूल्य कम भए पनि लघु उद्यमीहरु संलग्न हुदै आएका, स्थानीय रुपमा उपलब्ध हुने कच्चा पदार्थको प्रयोग हुदै आएकाले यिनको प्रवर्द्धन गर्नुपर्ने आवश्यक देखिन्छ। यस्ता उद्यमीहरुलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने हो भने व्यवसाय दिगो तथा निर्यात व्यापार प्रवर्द्धन हुन्छ।
- आवश्यकता अनुसार कोल्डस्टोर तथा संकलन केन्द्रको स्थापना गर्नु पर्ने देखिन्छ।
- जडिबुटी संकलन तथा व्यापारलाई व्यवस्थित बनाउन आवश्यक नीति तयार गर्नुपर्ने आवश्यक देखिन्छ।
- गुणस्तर प्रमाणीकरणको लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाको स्थापना गर्नु पर्ने देखिन्छ।
- ग्रेडिङ, ब्राण्डिङ, लेबलिङ र प्याकेजिङको उचित व्यवस्था गर्नुपर्ने देखिन्छ।
- मुल्य श्रृंखलामा जोड दिनु पर्ने।
- प्रदेशका नाकाहरुमा मालसामान प्रवेश तथा बाहिरिएको तथ्यांक राख्ने प्रणालीको विकास गर्नुपर्ने।
- वाणिज्य क्षेत्रसँग सम्वन्धित विद्यमान कानूनहरुको संघीय संरचना अनुरुप तर्जुमा एवम समसामयिक परिमार्जन गरिनु पर्ने।
- उच्च मूल्य अभिवृद्धि हुने पशिमना, अलैंची, अदुवा, चिया, कफी, जडिबुटी जस्ता कम आयतन उच्च मूल्य भएका वस्तु उत्पादन र निर्यात प्रवर्द्धनका लागि व्यापार पूर्वाधार निर्माण तथा विस्तारमा जोड दिने।
- गुणस्तरीय क्वारेन्टाइन सेवा, एकीकृत सेवा केन्द्र र सुख्खा बन्दरगाह लगायतका वाणिज्य पूर्वाधार निर्माण र सञ्चालन गर्ने।
- स्वदेशी कच्चा पदार्थमा आधारित निकासीजन्य उत्पादनलाई प्रोत्साहन गर्ने।
- अन्तर्राष्ट्रिय प्रदर्शनी स्थल निर्माणले निकासी व्यापार प्रवर्द्धनमा सहयोग पुग्छ।

# सन्दर्भ सूचीहरु


- अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।
- अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।
- अर्थ मन्त्रालय (२०७४), आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।
- कृषि तथा पशुविकास मन्त्रालय (२०७६) नेपाली कृषि क्षेत्रका तथ्यांकीय सूचना, योजना तथा विकास सहायता समन्वय महाशाखा, कृषि तथा पशुविकास मन्त्रालय, सिंहदरबार काठमाडौं ।
- कृषि तथा पशुविकास मन्त्रालय (२०७५) नेपाली कृषि क्षेत्रका तथ्यांकीय सूचना, योजना तथा विकास सहायता समन्वय महाशाखा, कृषि तथा पशुविकास मन्त्रालय, सिंहदरबार काठमाडौं ।
- कृषि तथा पशुविकास मन्त्रालय (२०७४) नेपाली कृषि क्षेत्रका तथ्यांकीय सूचना, योजना तथा विकास सहायता समन्वय महाशाखा, कृषि तथा पशुविकास मन्त्रालय, सिंहदरबार काठमाडौं ।
- गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (२०७६) वार्षिक प्रगति विवरण, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश
- नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघ (२०६९) नेपालका प्रमुख जडीबुटीहरुको चिनारी, नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघ, काठमाडौं ।
- पौडेल लालुप्रसाद (२०७३) नेपालका खनिज सम्पदा एक विश्लेषणत्मक अध्ययन, भूगर्भशास्त्र केन्द्रीय शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाडौं ।
- राष्ट्रिय योजना आयोग (२०७६) पन्ध्रौं योजना, राष्ट्रिय योजना आयोग, नेपाल सरकार, काठमाडौं ।
- राष्ट्रिय योजना आयोग (२०७४) वार्षिक घरधुरी सर्वेक्षण, केन्द्रीय तथ्यांक विभाग, नेपाल सरकार ।
- वाणिज्य नीति (२०७२) उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, नेपाल सरकार काठमाडौं ।
- व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र (२०७६) निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन र अन्तर प्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाहरुको प्रोफाइल, गण्डकी प्रदेश, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, नेपाल सरकार ।

## अनुसूची १

### गण्डकी प्रदेशका जिल्लाहरुमा खाद्यवस्तु उत्पादनको स्थिति (२०७५/७६)

| जिल्ला | धान | | मकै | | गहुँ | | कोदो | | जौ | | फापर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षे.(हे.) | उ.(मे.ट.) | क्षे.(हे.) | उ.(मे.ट.) | क्षे.(हे.) | उ.(मे.ट.) | क्षे.(हे.) | उ.(मे.ट.) | क्षे.(हे.) | उ.(मे.ट.) | क्षे.(हे.) | उ.(मे.ट.) |
| मनाङ | - | - | ६८ | १०७ | १९९ | २७८ | - | - | १०९ | १९१ | २६३ | ४९१ |
| मुस्ताङ | - | - | ५५१ | ९२० | ५४४ | १,०२८ | - | - | २५५ | ४७९ | ५४४ | ९५६ |
| गोर्खा | १२,३४७ | ४२,४७४ | १७,५६७ | ४५,२५३ | ३,६५३ | ७,९५१ | ११,७२१ | १४,९०३ | ९७ | १३८ | ३५८ | ३७४ |
| लमजुङ | १४,५७६ | ४९,७०४ | ९,९३५ | २३,९४३ | १,६२७ | १,३८१ | ७,५११ | ७,२९१ | ३६ | ५३ | १३ | १३ |
| तनहुँ | ११,२८४ | ४४,७९७ | २२,६४७ | ७३,६९३ | १,६८२ | ३,८२१ | ६,५५८ | ५,९०५ | ५ | ५ | १६९ | १७० |
| कास्की | २०,३८७ | ७६,४५१ | १३,६२४ | ३४,६३२ | ५,९५१ | १३,३०३ | १५,४४१ | १८,९७३ | ११० | १७१ | १२ | १५ |
| पर्वत | ८,४३४ | २६,४८३ | १३,६७३ | ३१,७२१ | २,६४६ | ६,७७५ | ८,५०२ | ७,९९७ | ७९ | १०४ | ४४ | ४५ |
| स्याङ्जा | १५,८७९ | ६५,७३९ | २६,४५७ | ९६,४८९ | ५,१८५ | १३,४४६ | १५,९३२ | १८,५४४ | ४ | ५ | २१३ | २११ |
| म्याग्दी | ३,८८४ | १३,३२२ | ९,४३१ | ३२,६९७ | २,८६१ | ७,१३२ | २,५३१ | ३,३६६ | २७४ | ३७० | १४१ | १३८ |
| बाग्लुङ | ५,९८७ | २१,३७४ | २०,६९७ | ७२,१७० | ६,४९३ | १५,४३९ | १८,१६३ | २२,५०५ | ७७६ | १,११५ | ७६ | १११ |
| नवलपूर | २१,५०४ | ८७,३४५ | ४,६५१ | ११,६८३ | ८,४०९ | २२,८७९ | २५१ | २५६ | ९ | ११ | ७९ | ७८ |
| जम्मा | ११४,२८२ | ४२७,६८९ | १३९,३०१ | ४२३,३१० | ३९,२५० | ९३,४३३ | ८६,६१० | ९९,७४१ | १,७५४ | २,६४२ | १,९१३ | २,५९९ |

क्षे..: क्षेत्रफल, हे.: हेक्टर, उ.: उत्पादन, मे.ट.: मेट्रिक टन

श्रोतः कृषि तथा पशुविकास मन्त्रालय (२०७६) नेपाली कृषि क्षेत्रका तथ्यांकीय सूचना, योजना तथा विकास सहायता समन्वय महाशाखा, कृषि तथा पशुविकास मन्त्रालय, सिंहदरबार काठमाडौं ।

## अनुसूची २

### गण्डकी प्रदेशका जिल्लाहरुमा नगदेबाली उत्पादनको स्थिति (२०७५/७६)

| जिल्ला | तेलहन | | | उखु | | | आलु | | |
|---|---|---|---|---|---|---|---|---|---|
